मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

समाजवाद र साम्यवादकाप्रति वीपीको दृष्टिकोण : पृष्ठ ४



◆ वर्ष : २५ ◆ अङ्क : २३३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ साउन ६ गते मंगलवार (Tuesday, July 21. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## खोलाले बगाउँदा श्रीमतीको मृत्यु, श्रीमान घाइते

**तेह्रथुम, साउन ५।** तेह्रथुमको लालीगुराँस नगरपालिका-९ सोल्मामा सोमबार खोलाले बगाउँदा एक महिलाको मृत्यु भएको छ। सोल्माको भालु खोलाले बगाउँदा म्याङलुङ नगरपालिका-६की ३७ वर्षीया अञ्जना लिम्बूको मृत्यु भएको प्रत्यक्षदर्शी निरबहादुर लिम्बूले जानकारी दिए।

सोमबार बिहान आफन्तकोमा जान भनी छथर गाउपालिकाको सुदाप हिँडेका तीनमध्ये दुई दम्पतिलाई दिउँसो १२ बजेतिर एक्कासी माथिबाट आएको खोलाले बगाएको थियो। खोलाले अञ्जनालाई करिब ४ सय मिटर तल पुऱ्याएको र उनका श्रीमान भेषराज लिम्बूले १ सय मिटर तल नपुग्दै बुट्यान समाएर ज्यान जोगाएका थिए। यद्यपि उनी गम्भीर घाइते भएका छन्।

अविरल बर्षाका कारण खोलामा बाढी आएको र तीनैजनाले एउटा लौरो समाएर पारी तर्ने क्रममा गहिरो भौडीको कारण दुईजना अकस्मात पानीको छालसँगै बगेको र हतार-हतार ढुंगा समाउन पाएको कारण आफूलाई खोलाले बगाउन नसकेको अर्का व्यक्ति निरबहादुर लिम्बूले बताए।

अञ्जनालाई खोलाले बगाएपछि उनको खोजी गर्दै जाँदा करिब ४ सय मिटर तल खोलाको किनारमा फालेको अवस्थामा स्थानीयले भेटाएका थिए। मृतकको पोष्टमार्टमका लागि जिल्ला अस्पताल तेह्रथुम ल्याउने तयारी भइरहेको प्रहरीले जनाएको छ। मृतकका एक छोरीसहित दुई सन्तान छन्।

## अधिकृत र इञ्जिनीयर नियन्त्रणमा

**झापा, साउन ५।** गोदावरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद जैसी र सबइञ्जिनीयर किशोर मोक्तान रु. एक लाख ५० हजार घुस लिएको अभियोगमा सोमवार पक्राउ परेका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले विकास निर्माणका काममा भुक्तानी लिएको अभियोगमा नगरपालिकाको आफ्नै कार्यकक्षबाट अभियुक्तद्वयलाई नियन्त्रणमा लिएको आयोगका प्रवक्ता तारानाथ अधिकारीले जानकारी दिए।

## 'चिसो वर्ष' लाई एक करोड पुरस्कार



**काठमाडौ, साउन ५।** 'कालो पोथी' का निर्देशक मीन भामले बनाउने फिल्म 'चिसो वर्ष' को स्क्रिप्टले एक करोड तीन लाख रुपैयाँको पुरस्कार जितेको छ। टुवेल्फ पुन्टो स्क्रिप्ट ल्याबले मीन भामको फिल्म 'चिसो वर्ष' (अ इयर अफ् कोल्ड) को स्क्रिप्टलाई ७५ हजार युरोको पुरस्कार दिएको हो।

नेपालको हिमाली भेगमा हुने बहुपतिप्रथाको कथामा आधारित यो स्क्रिप्टमाथि फिल्म बनाउन टर्की, सिङ्गापुर, नर्वेसहित आठ देशका निर्माताले सहकार्य गर्नेछन्। यसअघि पनि यो फिल्मको स्क्रिप्टले विभिन्न अन्तर्राष्ट्रिय पुरस्कार जितिसकेको छ। कोरोनाको कारण अहिले यो फिल्मको सुटिङ रोकिएको र अवस्था सामान्य भएपछि सुटिङ थाल्ने निर्देशक मीन भामले बताए।

# शिवालयमा भक्तजनको भीड

### मूल मन्दिरहरु बन्द, भक्तजनद्वारा परिसरमै जलार्पण



**झापा, साउन ५।** सौरमास अनुसार साउनको पहिलो सोमबार बिहान पशुपतिनाथ परिसरका शिवालयमा भक्तजनको भीड लागेको छ। कोरोना भाइरसको सङ्क्रमणबाट बच्न गत चैत ११ गतेदेखि बन्दाबन्दी जारी गरिएपछि पशुपतिनाथको मूल मन्दिरमा भक्तजनलाई प्रवेश दिइएको छैन।

असार १ गतेअघि पशुपति परिसरमा पनि भक्तजनको आवागमन रोकिएको थियो। असार १ गतेदेखि बन्दाबन्दी खुकुलो बनाइएसँगै पशुपति क्षेत्रमा भक्तजनको भीड बढेको थियो। धेरैले बाहिरबाटै दर्शन गर्दै आएका थिए। आज साउन महिनाको पहिलो सोमबार पनि धेरै भक्तजनले बाहिरबाट दर्शन गरे।

मूल मन्दिरभित्र भक्तजनलाई प्रवेश नदिइए पनि परिसरमा भौतिक दूरी कायम नहुने अवस्था देखिएको पशुपति क्षेत्र विकास कोषका कोषाध्यक्ष डा. मिलनकुमार थापाले जानकारी दिए। उनका अनुसार धेरै भक्तजनले मास्कसमेत लगाएका थिएनन्। पशुपति क्षेत्रका अन्य शिवालयमा पूजा आराधना एवम् दर्शन गर्न भक्तजन आतुर देखिन्थे। साउने झरी भए पनि बिहानै भक्तजन पशुपति क्षेत्र पुगेका थिए। मूल मन्दिर नखुले पनि बाहिरबाटै दर्शन गरेर फर्किएको ललितपुर, कुपण्डोलबाट आएका दर्शनार्थी पार्वती राउतले बताइन्। साउनमा मन्दिरभित्रै गएर दर्शन गर्न पाए हुने भन्ने चाहनाले आफू पशुपति पुगेको उनको भनाइ थियो।

मूल मन्दिरभित्र गएर दर्शनका लागि खुला गर्न सरकारले गर्ने निर्णयमा भर पर्ने कोषका सदस्य सचिव डा. प्रदीप ढकाल बताउँछन्। सरकारले मन्दिर क्षेत्र खुला गरे भक्तजनलाई सुरक्षा विधि अपनाएर दर्शन गराउने गरी तयारी भइसकेको उनले जानकारी दिए। राजधानीका मलिलिङ्गेश्वर, गोकर्णेश्वर, किलेश्वर, कुम्भेश्वर, गोपालेश्वर, फणिकेश्वर, गन्धेश्वर, विक्रमेश्वर, वसन्तपुरको सानो पशुपति भनिने शिव मन्दिर, डोलेश्वरलगायत देशभरका शिव मन्दिरमा बिहानैदेखि भक्तजन दर्शन गर्न पुगेका थिए।

**गोकर्णेश्वरमा बालयन्त्र**

गोकर्णेश्वरमा साउनदेखि नै परम्परानुसार बाजासहित पूजा र आरती पुनः शुरु भएको छ। गोकर्णेश्वर महादेवको गुठीका नाममा रहेको ३९६ रोपनी गुठी जग्गा रैकर भएपछि यो परम्परा टुटेको थियो। गोकर्णेश्वर नगरपालिकाले रु. ७५ लाख अक्षय कोष स्थापना गरी यो परम्परालाई पुनःस्थापना गरेको हो। पशुपतिनाथ र गोकर्णेश्वरमा विगतमा एकै प्रकारले पूजाराधना गर्ने गरिए पनि गुठी मासिएसँगै त्यो परम्परा हराएकाले हाल गोकर्णेश्वर महादेव मन्दिर क्षेत्र प्रबन्ध समितिले खोजबिन अघि बढाएको अध्यक्ष श्रीकुमार श्रेष्ठले बताए। पशुपतिनाथमा श्रीयन्त्र र गोकर्णेश्वरमा बालयन्त्र पूजाराधना हुन्छ। दुवैको एकापसमा सम्बन्ध रहेको बताइन्छ।

नगरपालिका वडा नं. ४को अध्यक्षसमेत रहेका गोकर्णेश्वर मन्दिर प्रबन्ध समितिका अध्यक्ष श्रेष्ठका अनुसार गुठी रैकर गर्दा पूजा चलाउन छुट्याइएको स्रोत कहाँ छ भनी गुठी संस्थान काठमाडौं शाखालाई पत्राचार गरिएको छ। जग्गा रैकर गर्दा मोहीले राखेको रकमको ७० प्रतिशत मन्दिरको परम्परा चलाउन दिनुपर्नेमा त्यस्तो हुन नसकेको उनले जानकारी दिए।

**साउने सोमबार व्रत शुरु**

धेरै वैदिक सनातन धर्मावलम्बीले साउनको सोमबार व्रत बसेर देवाधिदेव महादेवको पूजाराधना गर्छन्। नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा.डा. रामचन्द्र गौतम शिवजीले चन्द्रमालाई शिरमा धारण गरेकाले सोमबारलाई शिवजीको बारका रुपमा मानी यस दिन आराधना गर्ने गरिएको बताउँछन्।

परम्परानुसार कुनै कुलविशेषले चान्द्रमास अनुसारका श्रावण महिनामा साउने सोमबारको व्रत गरे पनि

(बाँकी अन्तिम पृष्ठमा)

## क्वारेन्टाइनले खानयोग्य भनेको माछा प्रहरीद्वारा नष्ट



**सुनसरी, साउन ५।** भन्सार र क्वारेन्टाइनले खान योग्य भनी छाडेको माछा प्रहरीले पक्राउ गर्दै नष्ट गरेको छ।

भारतको कलकत्ताबाट रानी नाका बिराटनगर हुँदै नेपाल भित्रिएको प्रतिवन्धित माछा सुनसरी प्रहरीले बरामद गरी नष्ट गरेको प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ। बन्दीपुर सिरहासम्मका लागि भन्दै भारतीय नम्बर प्लेटको ट्रकमा भित्रिएको माछा प्रहरीले सोमवार इनरुवाबाट नियन्त्रणमा लिएको प्रहरीले ७५ सय १० केजी माछा नष्ट गरेको हो।

सुनसरी प्रहरीले सोमवार पत्रकार सम्मेलनको आयोजना गर्दै प्रतिवन्धित माछा आयात गरिएको पाइएकाले नष्ट गरिएको जनाएको छ। करिव १५ लाख बजार मूल्य बराबरको उल्लेख गरिएको सो माछा प्रहरीले कार्यालय हातामा खाल्डो खनी पुरेको छ।

भारत हुँदै मोरङको रानी नाकाबाट नेपाल भित्र्याइएको माछा धनीले पशु क्वारेन्टाइन कार्यालय बिराटनगरबाट प्रमाण पत्र समेत लिएको देखिएको छ। फ्रेस खाने माछा भनी बिराटनगर क्वारेन्टाइनबाट इजाजत लिएको पाइएको छ। बिराटनगर महानगरपालिकालाई सेवा शुल्क समेत बुझाइएको छ।

राजश्व अनुसन्धान विभागको अनलाइन बिल, राष्ट्रिय बाणिज्य बैंकको नगद बिल र भन्सार प्रज्ञापन पत्र समेत लिएर माछा भारतहुँदै बिराटनगरबाट भित्रिएर सुनसरी आइपुगेको देखिन्छ। प्रहरीले WB25J6141 नम्बरको ट्रक सहित ट्रक चालक पश्चिम बंगालका २४ वर्षीय मो.इमामुल गोल्दारलाई नियन्त्रणमा लिएको छ। प्रहरीका अनुसार प्रतिवन्धित उक्त माछा लामो समयदेखि निर्वाध आयात भइरहेको सूचनाका आधारमा चेकजाँच गरिएको थियो।

बिलमा ५८ सय २० केजी उल्लेख भएपनि चेकजाँचका क्रममा ७५ सय १० किलो पाइएको समेत प्रहरीले बताएको छ। सुनसरी प्रहरीका अनुसार रानी भन्सारसहित आवश्यक बिल र इजाजतसहित आएको माछासहितको ट्रक शंका लागि चेकजाँचको क्रममा प्रतिवन्धित रहेको फेला परेपछि नष्ट गरिएको हो।

(बाँकी अन्तिम पृष्ठमा)

# शैक्षिक सत्र नै रद्द हुन सक्ने संशय

**झापा, साउन ५।** नयाँ शैक्षिक सत्रको तीन महिना नाघिसक्दा पनि सरकारी अधिकारीहरूले विद्यालय खुल्ने समयको आकलन समेत गर्न नसकेका कारण विद्यार्थीको पूरै सत्र खेर जाने विज्ञहरूको संशय छ।

नेपालमा कक्षा १देखि १२ सम्म झण्डै ७० लाख विद्यार्थीहरू छन् भने थप ७देखि ८ लाख पूर्वकक्षामा रहेका छन्। लकडाउनको अवधि लम्बिरहँदा थुप्रै स्थानीय सरकारहले आंशिक रूपमा भए पनि विद्यालय खोल्न दिनुपर्ने सुझाव दिन थालेको शिक्षा मन्त्रालयका अधिकारीहरू बताउँछन्।

शिक्षा मन्त्रालयका प्रवक्ता दीपक शर्मा भन्छन्- अझै पनि छिट्टै विद्यालय चलाउन सकिने अवस्था आएमा सार्वजनिक बिदा कटौती गरेर पूर्ति गर्ने सोचमा छौं। तर ढिलो हुने अवस्थामा पाठ्यक्रम नै परिवर्तन गर्नेजस्ता विभिन्न विकल्पबारे सोच्नुपर्ने हुन्छ।

**विकल्प कस्ता छन ?**

वर्षमा १,०२५ घण्टा पढाइ हुनुपर्ने गरी अहिलेको पाठ्यक्रम बनाइएको छ। तर सङ्क्रमणको कायम रहँदा अझै विद्यालय खुल्ने समय स्पष्ट छैन। मन्त्रालय र कोरोनाभाइरस रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिमा यतिखेर अनलाइनमार्फत् कक्षाहरू सञ्चालन गर्ने, शैक्षिक सत्र लम्ब्याउने, शैक्षिक सत्र नै रद्द गर्ने वा पाठ्यक्रम छोट्याउनेजस्ता विविध विकल्पमा

(बाँकी अन्तिम पृष्ठमा)

## अपहरणपश्चात् युवकको हत्या गरेपछि...

**झापा, साउन ५।** सिरहाको लहान नगरपालिका-१का एक युवकको अपहरणपश्चात् हत्या गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ।

प्रहरीले लहान नगरपालिका-१ निवासी २७ वर्षीय रोशन रामको अपहरण गरी हत्या गरेको आरोपमा सिरहाको मिर्चैया नगरपालिका-२ निवासी मुकेश कटवाल र जयकुमार यादवलाई पक्राउ गरेको हो।

केही दिनअघि मात्रै लागूऔषध मुद्दामा अदालतबाट धरौटी तिरेर रिहा भएका रामको शव गत बुधबार सिरहाको मिर्चैया नगरपालिकास्थित बतहा खोला नजिकै फेला परेको थियो। तत्काल पहिचान नभए पनि परीक्षणका लागि लहान अस्पतालमा राखिएको रामको शव रहेको शुक्रबार मात्रै पहिचान भएको थियो।

गत असार २७मा जेलमा सँगै बसेका साथीसँगै घरबाट गएका रामको शव फेला परेपछि परिवारजनले कतै उनको हत्या त भएको छैन ? भन्ने आशङ्का गरेपछि घटनामा संलग्न रहेको आरोपमा दुवै जनालाई पक्राउ गरी अनुसन्धान अघि बढाइएको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रहरी नायब उपरीक्षक सन्तु जयसवालले जानकारी दिए।

लागूऔषध मुद्दामा जेलमा बसेका बेला साथीसँग लिएको सापटीबापतको रु. एक हजार समयमा फिर्ता नगर्दा आफ्नो छोराले ज्यान गुमाएको उनका पिता सिफैत रामले बताए। लकडाउनको समयमा रोशन लागूऔषधसहित वैशाखको अन्तिम साता लक्ष्मीपुर पतारीबाट पक्राउ परेका थिए। पक्राउ परेको समयमा उनलाई इलाका प्रहरी कार्यालय लहानको थुनामा राखिएको थियो।

जेठको अन्तिम साता उनलाई जिल्ला अदालतले रु. १० हजार धरौटीमा रिहा गर्ने आदेश दिएको थियो। जेलमा रामको

(बाँकी अन्तिम पृष्ठमा)

## सूचना

**विक्रेता वर्गमा अनुरोध**

१) सम्बन्धित निकायमा दर्ता गरी अनुमति लिएर मात्र कुनै पनि व्यापारिक कारोबारहरु शुरुवात गरौं।

२) कारोबार स्थलमा सबैले देख्ने गरी दर्ता प्रमाणपत्र, अनुमति-पत्र, साइनबोर्ड र मूल्यसूची अनिवार्य रुपमा राखौं।

३) वस्तुको खरिद बिल सुरक्षित राखौं र विक्री गर्दा बिल विजक अनिवार्यरुपमा जारी गरौं।

४) म्याद नाघेका र टुटफुट भएका उपभोग्य वस्तुहरु छुट्टाछुट्टै ठाउँ (Expiry Zone) मा राख्ने गरौं। समय-समयमा यस्ता वस्तुहरु वितरक र उत्पादक समक्ष फिर्ता गर्ने पद्धति बसालौं।

५) उत्पादन मिति, प्रयोग गर्न सकिने अन्तिम मिति, उत्पादक, तौल, मूल्य (MRP) प्रष्ट देखिने लेबल भएका वस्तुहरु मात्र विक्री वितरण गरौं।

६) बजार अनुगमन वा गुनासोको आधारमा हुने निरीक्षणका बखत उल्लेखित विषयहरु पालना नगरेको र लापर्वाहीपूर्ण क्रियाकलाप भएको पाइएमा उपभोक्ता संरक्षण ऐन २०७५ अनुसार कार्वाही हुने व्यहोरा सूचित गरिन्छ।

*"जिम्मेवार व्यवसायी बनौं, उपभोक्ताप्रतिको दायित्व निर्वाह गरौं।"*

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं.** १९६०००००११०१

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**

सन्दर्भः ३८औं बीपी स्मृति दिवस

# समाजवाद र साम्यवादकाप्रति वीपीको दृष्टिकोण



कृष्ण हुमागाँई

*समाजवादबाट प्रजातन्त्र झिक्यो भने साम्यवाद बन्छ*
*अनि साम्यवादमा प्रजातन्त्र थप्यो भने समाजवाद बन्छ।*
*- वीपी कोइराला*



आधुनिक नेपालका परिकल्पनाकार, जननायक वीपी कोइरालाले एक्काइसौं सदीको पहिलो दशकमा समाजवाद र साम्यवादका बारेमा गर्नुभएको सरल ब्याख्या आज पनि उत्तिकै सान्दर्भिक छ। समाजवाद जहाँ धनी र गरीबका बीचको असमानताको खाडल पुर्न व्यक्ति स्वतन्त्रतासहितको प्रजातान्त्रिका विधि अवलम्बन गरिन्छ भने साम्यवाद जहाँ स्वतन्त्रताका हकअधिकार छिनेर जोर जर्बजस्तीका माध्यमबाट समानता दिलाउने प्रयत्नहरु हुन्छन्। तर, शासकवर्ग भने जहिले पनि तानाशाही, निरंकुश र अभिजात्य वर्गकै हुने छन्। साम्यवादीहरु भन्नलाई त सर्वहारा वर्गको अधिनायकत्वसहितको वर्गीय सत्ताको कुरा गर्छन्। सत्तामा लम्पट सर्वहारा वर्ग कहिल्यै पुग्न सक्दैन र त्यो वर्गमा शासनसत्ता सञ्चालन गर्ने क्षमताको बिकास नै हुन पाएको हुँदैन। आर्थिक, शैक्षिक, कुटनीतिक, रणनीतिक चातुर्यताका लागि त्यो वर्गले कहिल्यै अध्ययन, चिन्तन र बिश्लेषण गर्ने अवसर  नै पाएको हुँदैन।

बिहान, बेलुकाको छाक टार्न श्रम र पसिना बगाउँदैमा उसको जीन्दगी व्यतित भइरहेको हुन्छ। तसर्थ, लम्पट सर्वहारा वर्गको शासन साम्यवादीहरुको कोरा कल्पना र नारा मात्र हो। र, वीपीले जनताको प्रजातान्त्रिक अधिकार बिनाको साम्यवादी शासन भनेको मानवीय मूल्य, मान्यता, आदर्श र सभ्यता विपरीतको जंगली राज नै हो भन्ने विश्लेषण गर्नुभएको छ। जहाँ जनताका नैसर्गिक मौलिक हकअधिकारहरु सुरक्षित हुँदैनन्, त्यहाँ खान लाउन पाएर मात्र मानिसको इच्छा र चाहना पूरा हुन सक्दैन भन्ने कुरालाई वीपी कोइरालाले स्वतन्त्रता बिनाको साम्यवाद (गाँस, बास र कपास) पशु आहर सरह नै भएको संकेत गर्नुभएको छ। मानव चेतना पशुपन्छीलाई जस्तो टन्न अघाउँजी खाना दिएर बन्धनमा रहन रुचाउँदैन। मानिसका लागि स्वतन्त्रता अति प्रिय चिज हो, जसलाई जेलका कैदीले जसरी आहर, भोजनमा साटन सकिँदैन। पिंजडामा बसेको चरा, बन्धनमा बाँधिएको पशु र जेलमा बसेको कैदी पनि खुल्ला र स्वतन्त्र भएर जीउन चाहन्छ भने साम्यवादी शासनको जञ्जीरलाई स्वतन्त्रताका हिमायतीहरुले संसारका धेरै देशकहरुमा तोडेका छन्, चुडाएका छन्।

त्यसैले वीपीले भन्नुभएको छ- कि मानिस ब्रेडले होइन, ब्रेनले चल्ने गर्दछ। तर, समकालीन साम्यवादीहरुले मानवीय मूल्य, मान्यता, उसको स्वतन्त्र अस्तित्व र विशाल चेतना भण्डारलाई भन्दा ब्रेडलाई जोड दिए, झट्ट हेर्दा ब्रेड (खाना) बिना मानिस कसरी बाँच्दछ र काम गर्नसक्छ ? भन्ने प्रश्न खडा हुनु स्वभाविक हो। यसलाई वीपीले ब्रेन (मस्तिष्क, दिमाग, बुद्धि, बिवेक जे भन्नुस)ले मनिस चल्छ भन्ने कुरालाई जोड दिनुभयो। खाना तयार गर्ने र अन्य तमाम आवश्यकताका कुराहरुका माग र आपूर्ति गन, उत्पादन र सिर्जना गर्ने नै मस्तिष्कको योजनामा हुन्छ, बन्देज नलगाइएको स्वतन्त्र मनुष्यको स्वतन्त्र अस्तित्वले अनमोल र अनुपम आविस्कारहरु गर्दछ र तीनै ब्रेनको उपज आविस्कारहरुले मानव जीवनलाई सहज, सरल र सुविधासम्पन्न बनाउन सक्दछ भन्ने वीपीको प्रजातान्त्रिक अधिकारसहितको समाजवादी चिन्तन र व्याख्यालाई अहिले आएर साम्यवादीहरुले पनि स्वीकार गरेको अवस्था छ। तेस्रो विश्वका सम्पन्न मुलुकहरुले समाजवादबाट आफूलाई पुँजीवादमा रुपान्तरण गरिसकेका छन्। तर, नेपाल जस्तो आर्थिक, भौगोलिक, सांस्कृतिक र धार्मिक विविधता भएको मुलुकमा अझै केही दशक लोकतान्त्रिक अधिकारसहितको समाजवादी, लोककल्याणकारी राज्य व्यवस्थाको आवश्कता रहेको छ। तस्कर, माफिया, दलाल, भ्रष्ट कमिशनखोरको सेटिङमा चल्ने नाम मात्रको लोकतन्त्र र समाजवाद होइन। अनि निरंकुश, अधिनायकवादी, एकदलीय तानशाही साम्यवादी शासन पनि होइन। न्याय, समानता, स्वतन्त्रा र जनहितमा समर्पित लोक कल्याणकारी राज्य व्यवस्थासहितको समाज नै हो वीपीले भन्नुभएको वास्तविक प्रजातान्त्रिक समाजवाद।

उन्नाइसौं सदीको कृषि तथा औद्योगिक क्रान्तिमा मजदुर वर्गको भूमिका, जमिन र उद्योगका मालिकले कृषि तथा औद्योगिक क्षेत्रका मजदूरमाथि गरेको शोषण, दमनले समाजवादको आधारशिला खडा गर्‍यो। यही आधारशिलालाई टेकेर कार्ल माक्सले कम्युनिष्ट मेनिफेष्टो जारी गर्नुभयो। मार्क्सले जारी गरेको यो मेनिफेष्टोलाई प्रजातन्त्रवादीहरुले समाजवादको आधारशिलाका रुपमा पनि ब्याख्या गरेका छन्। वीपी स्वयम् पनि उत्पादन र वितरणको समानुपातिक सिद्धान्तमा माक्सवादप्रति झुकाव राख्नुहुन्थ्यो। कतिपय सन्दर्भमा वीपीले भन्नुभएको छ कि म आर्थिक सवालमा माक्सवादप्रति झुकाव राख्दछु, तर कम्युनिज्मप्रति मेरो समर्थन रहने छैन भनेर। वीपी कोइरालाको प्रजातान्त्रिक समाजवादका ब्याख्याता प्रखर समाजवादी चिन्तक सीके प्रसाईले त कम्युनिष्ट मेनिफेष्टो समाजवादको आधारशिला भन्ने पुस्तक नै लेख्नुभएको छ।

तत्कालीन शासकहरुको शोषण, दमन, उत्पीडन र अत्याचारको जगमा टेकेर सोभियत संघ, पूर्वी युरोपका केही देश र चीन लगायतका देशमा साम्यवादीहरुले एकदलीय अधिनायकवादी कम्युनिष्ट शासन सत्ता स्थापन गरे पनि सन् १९८५ देखि नै कम्युनिष्ट सत्ताको दमन र अत्याचारको बिरोधमा पूर्वी युरोप, जर्मनी र चीन लगायतका देशहरुमा बिशाल प्रर्दशनहरु भए। साम्यवादी कम्युनिष्टहरुको एकदलीय अधिनायकवादी सत्तालाई भत्काउँदै जनताले पूर्वी जर्मन र पश्चिम जर्मनबीच लगाइएको वर्लिनको पर्खाल तोडी दिए। रुसमा मार्क्स, एगेल्स, लेलिन, स्टालिनहरुका स्ट्याचूहरु क्रेनले भत्काइए, चीनको तियानमेन स्क्वायरमा प्रजातन्त्रको माग राखी लाखौं बिद्यार्थीहरुले बिशाल प्रर्दशनहरु गरे। चीनको उच्च शैक्षिक जनशक्तिले गरेको त्यो प्रदर्शनलाई बुल्डोजोर र ट्र्यांकले पेलेर सैन्य बलमा दमन गरियो, पचासौं हजार प्रदर्शनकारीको हत्या गरेर चीनको कम्युनिष्ट सत्ताले प्रजातान्त्रिक आन्दोलनाई त दबायो। तर, उसले विश्वव्यापीरुपमा आएको परिवर्तनको लहरलाई भने रोक्क सकेन। प्रजातन्त्रको घोषणा नगरे पनि सबै सम्पत्ति राष्ट्रियकरण हुने व्यवस्थालाई परिवर्तन गर्दै चिनीया जनताले निजी सम्पत्ति राख्न पाउने, उद्योग, कल, कारखाना खोल्न पाउने अधिकारहरु जनतालाई दियो। अहिले त्यहाँ बहुर्राष्ट्रिय कम्पनीहरु खुलेका छन्। युरोपका समाजवादी र  अमेरिका जस्तो पुँजीवादी राष्ट्रका ठूला कम्पनीहरु चीनमा खुलेका छन्। चीन पनि बिस्तारै खुला अर्थतन्त्रको दिशामा अगाडि बढ्न लागेको अवस्था छ। यी यावत कुराहरुले खुल्ला र प्रतिष्पर्धात्मक अर्थ व्यवस्थासहितको लोकतान्त्रिक समाजवादी राज्य व्यवस्थाको अपरिहार्यता तेस्रो विश्वका अल्पबिकसित मुलुकहरुका लागि आज पनि उत्तिकै आवश्यकताको बिषय हो भन्ने पुष्टि गर्दछ।

वीपी कोइरालाको प्रजातान्त्रिक समाजवादले कुनै पनि प्रकारको अधिनायकवाद र तानशाही सत्तालाई स्वीकार गर्दैन। चाहे राजा महाराजा, सैनिक तानाशाह, धार्मिक कट्टरवादी, उग्रपन्थी वा जातीय नश्लवादी निरंकुशता नै किन नहोस्। यस्ता शासन सत्ताले जनताको फणमेण्टल राइट्सको सम्मान गर्न सक्दैन भन्ने वीपीको त्यो चिन्तन, बिश्लेषण र दृष्टीकोण आज पनि उत्तिकै सान्दर्भिक र मौलिक छ। तेस्रो विश्वमा धनी र गरीबका बीचको खाडल अहिले पनि झन्,- झन् गहिरिँदै, बढ्दै गएको अवस्था छ। यसको दूरी कम गर्न, यो खाडललाई पुर्न अल्पबिकसित र गरीब राष्ट्रहरुमा जनताकाप्रति उत्तरदायी लोकतान्त्रिक समाजवादी राज्य व्यवस्थाको आवश्यकता रही रहेको छ। जुन कुरालाई वीपी कोइरालाले आफ्नो जीवनकालभरी धेरै नै महत्व दिइरहनुभयो। बिज्ञान र प्रविधिको क्षेत्रमा आएको अकल्पनीय परिवर्तन, विश्वका मानिसहरुको सूचनामा पहुँच र बिकसित चेतनास्तरले अब संसारमा अधिनायकवादी, निरंकुश, एकदलीय तानाशाही व्यवस्था लामो समय चल्न सक्ने अवस्था छैन। बुट र बन्दुकले केही समय त पर ठेल्न सकिएला तर, यस्तो अनुदार व्यवस्थाको भविष्य अब सुरक्षित छैन संसारमा। यही वास्तविकताई बुझेर हो वा रणनीतिकरुपमा संसदीय लोकतान्त्रिक समाजवादी राज्य व्यवस्थालाई स्वीकार गर्न आइपुगेका छन् नेपालका साम्यवादी, बामपन्थी  कम्युनिष्टहरु। सत्ताको सुरक्षा बन्दुकको घेराले गरेको हुन्छ र सत्ताको प्राप्ति र अन्त्य दुबै बन्दुकको नालबाट मात्र सम्भव छ भन्ने मान्यता राख्नेहरु अहिले आएर सत्ताको स्थापना, सुरक्षा र अन्त्य जनताको अभिमतमा सुरक्षित रहेको हुन्छ भन्ने वीपी कोइरालाको प्रजातन्त्रिक समाजवादी मार्गदर्शनलाई अनुशरण गर्न आइपुगेका छन्। यो समाजवादीहरुको राजनीतिक बिजय हो। एउटा चुनाव हार्नु वा जित्नुसँग यो राजनीतिक बिजयलाई तुलना गर्नु न्यायोचित हुन सक्दैन।

एक्ताका संसदीय व्यवस्थालाई खसीको टाउको राखेर कुकुरको मासु बेच्ने पाखण्ड व्यवस्था भनेर सशस्त्र बिद्रोहमा लागेकाहरु पनि सर्वहारा वर्गको अधिनायकत्वभन्दा स्वतन्त्रतासहितको जनतामा निहित सार्वभौमसत्ता सम्पन्न लोकतान्त्रिक समाजवादबाट मात्र राष्ट्र र जनताको उन्नति, प्रगति गर्न सकिन्छ भन्ने मुद्दामा एक ठाउँमा आइपुगेका छन्।  राजा महेन्द्रले दुईतिहाई बहुमतद्वारा जननिर्वाचित नेपाली कांग्रेसको सरकारलाई सैनिक बलमा असंवैधानिकरुपमा कू नगरेको भए ३० वर्ष जनताले अन्धकारमय निरंकुश, तानाशाही शासनको जाँतोमा पिसिनुपर्ने थिएन र नेपालका बामपन्थी, कम्युनिष्टहरुले वि.सं. २०३६ सालको जनमत संग्रहमा बहुदलको निलो रङ्गमा मतदान गरेको भए, प्रजातन्त्र प्राप्तिका लागि जनताले २०४६ सालसम्म (१० वर्ष) कुर्नुपर्ने थिएन। अनि वीपी कोइरालाले पनि सधैँ नेपालका कम्युनिष्टहरुलाई दरबारले पालेको, संरक्षण गरेको भनेर सधैँ शंकाको दृष्टिले नहेरेको भए उनीहरु पनि संसदीय प्रजातन्त्रिक समाजवादी राजनीतिक यात्रामा सहकार्य गर्न अलि चाडै आउनसक्थे भन्ने आधारलाई २०४६

बाँकी पृष्ठ ३मा

## भियतनाममा खुल्यो विश्वकै पहिलो सुनको होटल



**काठमाडौं, साउन ५।** पर्यटक आकर्षित गर्ने अनेक उपाय हुन्छन्। भियतनाममा भर्खरै खुलेको एउटा होटलले विश्वको ध्यान खिच्ने नौलो उपाय अपनाएको छ।

विश्वभर कोरोना भाइरस महामारीका कारण पर्यटन क्षेत्र प्रभावित बनेका बेला भियतनामको राजधानी हनोइमा सुनै सुनले भरिएको होटल सञ्चालनमा आएको छ। अनौठो बनावट र सबैतिर सुनको लेपनका कारण होटल निकै आकर्षित देखिएको छ। सुनैसुनले भरिएको उक्त होटल विश्वकै पहिलो भएको अनुमान गरिएको छ।

होटलका झ्याल ढोकादेखि फर्निचर, बाथरुम, ट्वाइलेट मात्र होइन खाना खाने कप प्लेटलगायतका भाँडासमेत सुनले लेपन गरिएको छ। ‘डोल्से हनोइ गोल्डेन लेक’ नाम दिएको फाइभ स्टार उक्त होटल २५ तले भवनमा छ। चार सयवटा कोठाहरू रहेका छन्। बेडरूमका फर्निचर, वासरुम, बाथटब, सिंक तथा सावरलगायतका सबै सामानहरू सुनले लेपन गरिएको छ।

सन् २००९ बाट निर्माण शुरु भएको होटलको बाहिरी भित्तामा पनि ५४ हजार वर्गफिटमा सुन लेपन गरेका टायल लगाइएको छ। कर्मचारीहरुको पोसाक समेत रातो तथा सुनौलो रङको छ। जुन निकै आकर्षक र रंगिन देखिएको छ। होटलमा एक रात विताउन ३२ हजार रुपैयाँदेखि ७ लाख ३२ हजार रुपैयाँ तिर्नुपर्छ। होटलमा विभिन्न ६ खाले कोठा र बेडरुम सुइट छन्। (एजेन्सी)

## टिकटकले लन्डनमा मुख्यालय राख्ने !

**बेइजिङ, असार ५।** विगत केही महिनादेखि टिकटकले बेलायत सरकारसँग आफ्नो मुख्यालय लन्डनमा राख्ने विषयमा छलफल गरिरहेको जानकार स्रोतले जनाएको छ। यसलाई चिनियाँ स्वामित्वबाट आफूलाई परै राख्ने रणनीतिको अंशको रुपमा हेरिएको छ।

कम्पनीको बिचारमा रहेका विभिन्न थलोमध्ये लण्डन पनि एक भएको तर निर्णय लिइनसकेको स्रोतले जनाएको छ। बिमर्शमा अन्य थलो पनि रहेको विषयमा तत्काल स्पष्ट हुन सकेको छैन। टिकटकले यसै वर्ष क्यालिफोर्नियामा मुख्यालय बनाउने विषयलाई पनि आक्रामक रुपमा प्रस्तुत गरेको थियो। कम्पनीले वाल्ट डिज्नीका पूर्व सहकार्यकारी केभिन मेयरलाई टिकटकको प्रमुख कार्यकारी बनाउन सक्ने पनि बताएको छ। उनी अमेरिकामा बस्दै आएका छन्।

चीनले प्रयोगकर्ता (युजर) को डाटा प्रयोग गर्न सक्ने बाध्यकारी अवस्थाको सिर्जना गर्न सक्ने भन्दै टिकटकले वासिङटनको कडाईको सामना गर्दै आएको छ। टिकटक चीनमा रहेको बाइटडान्सको स्वामित्वमा रहँदै आएको छ।

विगतका केही सातादेखि कम्पनी आफ्नो विषयमा अमेरिकामा केन्द्रीत हुँदै आएको छ। तर लन्डनलाई सम्भावित मुख्यालयको रुपमा राख्ने विषय पनि नकार्न सकिन्न। टिकटकले लण्डन र चीन बाहिरको कार्यथलोको आकारलाई व्यापक रुपमा बढाउने अपेक्षा गरिएको स्रोतले जनाएको छ।

बेलायतमा विश्वव्यापी मुख्यालय खोल्नका लागि बेलायती सरकारसँगको वार्ता टिकटकले तोडिसकेको सन्डे टाइम्सले जनाएको छ। तर, अर्को स्रोतका अनुसार टिकटक अझै बेलायती सरकारसँगको वार्तामा रहेको छ। यो विषयमा टिकटकले कुनै टिप्पणी गरेको छैन।

## शैक्षिक ...

छलफल भइरहेका छन्।

शिक्षाविद् विद्यानाथ कोइरालाले शैक्षिक सत्र लम्ब्याउने वा रद्द गर्ने कामले विद्यार्थीहरूमाथि ‘अपराध’ हुने ठान्छन्। कोइराला भन्छन्- संश्लेषित पाठ्यक्रम बनाउँदै विषयवस्तु नपढाएर अब अवधारणा पढाउन सक्यौं भने हामी अझै पनि विद्यार्थीमाथि न्याय गर्न सक्छौं। त्यसले गर्दा सबैखाले क्षमताका विद्यार्थीलाई समेट्न सकिन्छ। यसले विद्यार्थीलाई फरक-फरक ढङ्गबाट अध्ययन गर्दा समेत एउटा मूल्याङ्कन प्रक्रियामा समाहित गर्न सकिन्छ। अनलाइन कक्षालाई विकल्पका रूपमा लैजाने हकमा भने शिक्षा मन्त्रालयका अधिकारीहरू एकमत देखिन्नन्।

त्यसले विद्यार्थीमा हुने सिकाइ, उपलब्धि र प्रभावकारिताको मूल्याङ्कन गर्न सहज नहुने उनीहरूको भनाइ छ। प्रवक्ता शर्मा भन्छन्- अनलाइन कक्षाबाट शैक्षिक सत्रको पूर्ण पूर्ति हुँदैन। त्यो भनेको सहयोगी सामग्री मात्र हो।“

**पढाउने तौरतरिका बदल्ने ‘अवसर’**

अहिलेको तौरतरिकाले शैक्षिक सत्र रद्द हुने जोखिम ‘उच्च रहेको’ भन्दै शिक्षाविद् कोइराला भने अनलाइन कक्षालाई सबै विद्यार्थीमा पहुँच छैन भन्दैमा रोक्न नमिल्ने बताउँछन्। त्यसका लागि बरू ठाउँ-ठाउँमा लाउडस्पिकरहरूसहितका प्रोजेक्टर वा टेलिभिजन राखेर त्यस्तो अभ्यासको सुरुवात गर्न सकिन्छ।

छोटो समयमै अब केन्द्रीकृत रूपमा पाठ्यक्रम घटाउने वा छोटो पारेर जान कठिनाइ हुने चुनौती छन्। कोइराला शिक्षकहरू स्वयम्रुलाई जिम्मेवारी दिँदै मौजुदा पाठ्यक्रममै विद्यार्थीका अनुभव समेटिने गरी पढाउनुपर्ने बताउँछन्।

कक्षा ११ र कक्षा १२ को शैक्षिक सत्र शुरु हुने समय बल्ल आउँदै गरेकाले त्यसतर्फ भने अझ केही साता पर्खने सुविधा रहेको बताइन्छ। विश्वविद्यालयका कक्षाहरूमा समेत कक्षा १२ को नतिजाले असर गर्न सक्ने अवस्था छ।

**कसरी सुरुवात गर्ने ?**

स्थानीय अवस्था र आवश्यकता हेरेर कतिपय सुरक्षित देखिएका ठाउँमा कक्षाहरू सुरु गरेर हेर्ने अवस्थाबारे यतिखेर सरकारी अधिकारीहरू सोचिरहेको बताउँछन्।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक तुलसीप्रसाद थपलिया भन्छन्- त्यसको लागि स्वीकृति दिने एकनासको प्रक्रिया बनाउनेबारे हामी छलफल गरिरहेका छौँ। मौजुदा पाठ्यक्रम अनुसार एक वर्षमा २२० दिन विद्यालय खुल्नुपर्ने र कम्तीमा १८० दिन अध्ययन अध्यापन हुनुपर्छ।

थुप्रै विद्यालयहरू क्वारन्टीन र आइसोलेशन केन्द्र बनाइएकाले विद्यालय खुल्ने भए पनि ती स्थान तयार हुन केही समय लाग्ने भन्ने  प्रवक्ता शर्मा भन्छन्- अहिलेसम्म हामीले शैक्षिक सत्र सुरुवात नै गर्न सक्छौं भन्ने गरी सोचिरहेका छौं। तर सत्र नै रोकिएला भन्ने जोखिम समेत भएको वीवीसीमा खबर छ।

## अपहरणपश्चात् ...

भेट लागूऔषध मुद्दामै कारागारमा रहेका मिर्चैया नगरपालिका-२ निवासी जयकुमार यादवसँग चिनजान भएको र कारागारमै यादवसँग रामले रु. एक हजार ऋण लिएको र त्यो समयमा फिर्ता नदिएकाले आफ्नो छोराको हत्या भएको मृतकका पिता सिफैतको कथन छ।

## शिवालयमा ...

कर्कट राशिमा सूर्य भएका सोमबार विशेष रुपमा शिवजीको आराधना गर्ने शास्त्रीय विधि रहेको उनले सुनाए। यस वर्ष साउन ५, १२, १९ र २६ गते गरी चार सोमबार परेका छन्। नयाँ व्रत पाँच सोमबार परेको वर्षदेखि शुरु गर्नुपर्छ भनी लोकमा गरिने व्यवहारमा शास्त्रीय मत नमिल्ने अध्यक्ष गौतमले जानकारी दिए। शास्त्रीय मान्यतानुसार चार सोमबार परेको वर्षदेखि पनि नयाँ व्रतालुले आराधना गर्न सक्छन्।

साउने सोमबारको व्रत गरेमा यस लोकमा सुखशान्ति र परलोकमा सद्गति प्राप्त गरिने ‘शिवपुराण’लगायत धर्मग्रन्थमा उल्लेख छ। साउने सोमबार र हरितालिका व्रत महिलाले मात्र गर्नुपर्ने भन्ने व्यवहारमा देखिए पनि शास्त्रीय मतानुसार महिलापुरुष दुवैले यो व्रत गर्न सक्छन्। प्रायः परिवारमा महिलाले सबैको प्रतिनिधित्व गरेर व्रत बस्ने गरेका हुन्। आजदेखि साउनको सोमबार व्रत गर्नेले अन्तिम सोमबार व्रत उद्यापन गर्छन्। धेरैले शिवजीको महिना भनी साउनमा मांस, मदिरा सेवन गर्दैनन्। शिवजीलाई जलधारा प्रिय हुने भएकाले यस महिनामा पवित्र तीर्थस्थलबाट जल लगेर पशुपतिनाथलगायत शिवालयमा चढाउन भक्तजनको भीड लाग्छ। वाग्मती मुहान क्षेत्र सुन्दरीजलबाट पशुपतिसम्म बोलबम गरी जल चढाउने गरिएकामा यस वर्ष कोरोनाका कारण त्यससमेत प्रभावित हुने भएको छ।

भोलेनाथ काँवरिया संघ, बोल बम काँवरिया संघलगायत संस्थाले यस वर्ष बोल बम काँवर यात्रा नगर्ने घोषणा गरिसकेका छन्। धेरै नेपालीले वर्षमा एकपटक साउनमा घरमा वैदिक रुद्राभिषेकसमेत गर्छन्। साउनमा नभ्याउनेले अनुकूलतानुसारको महिनामा गर्ने परम्परासमेत छ।

**खुल्यो अर्जुनधारा धामको प्रवेशद्वार**

साउनको सोमबार शिवालयमा जल चढाउने कार्यक्रम कोभिड-१९ को महामारीको कारण कतिपय देवालयहरु प्रभावित भएका छन्। साउन महिनाको पहिलो सोमबार शिवालयमा अरु बेलाको जस्तो घुइँचो छैन। अधिकांश भक्तजनले आफ्ना घरमै पूजा सम्पन्न गरेको तथा थोरै मात्र शिवालय मन्दिरमा पुगेका छन्।

‘पूर्वको पशुपतिनाथ’ अर्जुनधारा जलेश्वरधामको प्रवेशद्वार सोमवार बिहान करिब तीन घण्टा मात्र खुलेको छ। धाम व्यवस्थापन समितिका कोषाध्यक्ष मनोज जोशीका अनुसार सोमवार बिहान ४ : ३० बजे नित्य पूजाका लागि प्रवेशद्वार खुला गरिएको तथा तीन घण्टापछि ७:३०मा बन्द गरिएको थियो।

धाम समितिले केही दिनअघि नै सार्वजनिक सूचना जारी गरी कोरोना महामारीका कारण साउनमा मन्दिर खुला नरहने जानकारी दिएको थियो। विगतमा साउने सोमबार शिवको पूजा गर्न अर्जुनधारा जलेश्वर धाममा लाखौं भक्तजनको घुइँचो लाग्ने गरेको थियो। धाममा मूल पूजारीले विशेष पूजा गर्ने समयमा प्रवेशद्वार खुला हुँदा आइपुगेका केही सर्वसाधारणले पूजाको अवसर पाएका थिए।

मन्दिरको प्रवेशद्वार बन्द गरिए तापनि सयौं भक्तजनले मन्दिर बाहिर रहेको नाग मन्दिरमा जल चढाउन थालेको समितिका कोषाध्यक्ष जोशीले बताए। झापाका मेचीनगर, भद्रपुर, कन्काई, बिर्तामोडलगायत क्षेत्रमा रहेका शिवालय मन्दिरमा  भक्तजनको संख्या न्यून छ। पूजा गर्न आउनेले मास्क लगाएर सामाजिक दूरी कायम गरेका छन्।

## क्वारेन्टाइनले ...

क्याट फिस भनेर चिनिने मागुर जातिको माछा पैठारी तथा निकासी, ओसारपसार र बिक्री वितरण गर्न नपाइने कानूनी व्यवस्था अनुरुप मानव स्वास्थ्यका लागि हानिकारक समेत रहेको सो माछा नियन्त्रणमा लिई नष्ट गरिएको सुनसरीका प्रहरी प्रमुख कमल थापाले बताए।

प्रहरी प्रमुख थापाका अनुसार मानव स्वास्थ्यकालागि हानिकारक मानिएको र प्रतिवन्ध लगाइएको माछा भन्सार हुँदै आवश्यक सबै कागजात सहित भित्रिनु गम्भीर विषय भएको हो। निष्पक्ष छानविन गरिनुपर्ने माग गरेको सुनसरी प्रहरीले प्रतिवन्धित माछाको बजार निकै ठूलो रहेको पाइएकाले सोतर्फ सबैको ध्यान जानु जरुरी रहेको बताएको छ। पत्रकार सम्मेलनमा उपस्थित सुनसरीका प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणि पोखरेलले समेत प्रतिवन्धित माछा बरामद गरी नष्ट गरिएको बताए।

**बाह्रदशी गाउँपालिका**
**चकचकी, झापा**
**१ नं. प्रदेश नेपाल**

मितिः २०७७/०४/०५

## प्रेस विज्ञप्ति

बाह्रदशी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अनियमितता गरेको आरोपमा निलम्वित भनी प्रकाशन भएका विभिन्न सञ्चारमाध्यमका समाचारहरु, सामाजिक सञ्जालमा सार्वजनिक भएका भनाइहरु प्रति यस गाउँपालिकाको गम्भीर रुपमा ध्यानाकर्षण भएको छ।

उक्त कार्य यस बाह्रदशी गाउँपालिका अन्तर्गतका कार्यक्रमहरुसँग सम्बन्धित नभएको र सो सम्बन्धमा विषयबस्तु प्रष्ट हुने गरी श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०७७।०३।३० मा जारी भएको प्रेस विज्ञप्तिमा उल्लेख भएकोले उक्त विज्ञप्ति अध्ययन गर्न सम्बन्धित सबैमा हार्दिकतापूर्वक अनुरोध छ। साथै बाह्रदशी गाउँपालिकाको नाम राखेर विभिन्न नाममा सञ्चालन भै रहेका सामाजिक सञ्जालहरु बन्द गरी सञ्जाल सञ्चालन गर्ने व्यक्तिको स्पष्ट परिचय खुल्ने गरी सञ्चालन गर्नु हुन अनुरोध छ। अन्यथा प्रचलित कानून अनुसार भई जाने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**शम्भु सिंह राजवंशीः प्रवक्ता**

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# दीर्घकालीन समाधान खोज

**कालापानी माथिको दाबीपछि भारतले नेपाली भूमिमा अतिक्रमण गरिरहेको छ । भारतीय हस्तक्षेपका विरुद्ध स्थानीयबासीले प्रतिकार गर्दै आएका छन्, तर सरकारका तर्फबाट राजनीतिक र भौतिक प्रतिवाद नगर्दा सीमा विवाद कचल्टिएको छ । त्यसो त सीमा क्षेत्रमा स्तम्भ हराउने, उखेलिने, दशगजामा भौतिक संरचना र सडक निर्माण गर्ने भारतको पुरानै रोग हो । यसकाविरुद्ध नेपालीले जनस्तरबाट संघर्ष गरेका छन्, यसक्रममा धेरै नेपालीमाथि भौतिक आक्रमण पनि भएको छ । अनि पनि सीमा रक्षाका लागि हाम्रो तर्फबाट प्रभावकारी उपस्थिति भइरहेको छैन । तीनतर्फ सीमा जोडिएको भारतले सबैतिर सीमा मिचेको छ र मिच्ने क्रम अझै जारी छ ।**

**कोभिड–१९ को त्रासपछि नेपाल–भारत सीमा नाका बन्द गरिएको छ । खुल्ला सीमा भएका कारण सीमा बन्द हुँदा पनि आउने–जाने क्रम रोकिएन । त्यसलाई नियन्त्रण गर्न नेपाल सरकारले सशस्त्र प्रहरीलाई सीमा रक्षाको जिम्मेवारी दिँदै सुरक्षा पोष्ट थप गर्‍यो, तर आवश्यक हतियार र बन्दोबस्तीका सामानको अभावमा त्यो प्रभावकारी हुन सकेको छैन । कालापानीसहितको नक्सा प्रकाशनबाट शुरु भएको शितयुद्ध साम्य हुने छाँट छैन । अझ भगवान रामको जन्मभूमि नेपालको पर्सा जिल्लास्थित ठोरीमा भएको भन्ने प्रधानमन्त्री केपी ओलीको अभिव्यक्तिले दुई देशका बीचको दूरी झनै टाढिएको छ । नेपालका तर्फबाट कालापानीसहितको नक्सा सार्वजनिक गर्दै निशान छापमा समेटेपछि भारतीय सञ्चारमाध्यमले नेपाल सरकार र नेपालीविरुद्ध अनर्गल प्रचार गर्न थाले । त्यसैले सरकारका तर्फबाट तिनको प्रशारण बन्द गरेपछि अहिले जतासुकै भारतीय हस्तक्षेप शुरु भएको छ ।**

**नेपाल इतिहासदेखि नै स्वतन्त्र देश हो । पराधीनता स्वीकार नगरेका नेपाली जनतामा देशभक्तिको भावना अमीट छ । त्यहीकारण राज्यको उपस्थिति नहुँदा पनि नेपाली जनताले सीमा अतिक्रमण गर्दा होस् वा सम्प्रभुतामाथि सवाल उठाउँदा दह्रो प्रतिकार गरेका छन् । अहिले नेपाल सरकारले सशस्त्र प्रहरीलाई सीमा रक्षाका लागि खटाएको छ । सीमा बन्द छ, तस्करहरु सुरक्षा पोष्टलाई अवरोध ठानेर आक्रमण गर्दैछन् । झापामै दक्षिणी गाउँपालिकाहरु कचनकवल, झापा र गौरीगञ्ज क्षेत्रमा रहेका सुरक्षाकर्मीमाथि आक्रमण भएको छ । पछिल्लोपटक गौरीगञ्ज क्षेत्रमा भारतीय तस्करहरुको आक्रमणमा परी दुई नेपाली प्रहरी घाइते भए । तस्करहरुले सामान ल्याउन नपाएपछि सशस्त्र प्रहरी टोलीमाथि आक्रमण गरेका थिए ।**

**सीमा रक्षाको दायित्व नेपाली सेनाको हुनुपर्ने हो । प्रहरी आन्तरिक सुरक्षाका लागि गठन गरिएको हुन्छ । तर, हामीकहाँ सेनालाई व्यापारदेखि निर्माणको काममा प्रयोग गर्न थालिएको छ । यसले निर्विवाद सेनाको छविलाई विवादमा तान्ने काम गरेको छ । भारतले स्वतन्त्र राष्ट्रको अस्तित्व स्वीकार नगर्ने र शक्तिको उन्मादमा थिचोमिचो गरिरहने हो भने अस्मिता रक्षाकै लागि नेपाली सेनालाई परिचालन गर्नुपर्दछ । विगतमा दुई देशबीच भएका सन्धि, सहमति र सम्झौताहरुको पुनरावलोकन गर्दै नयाँ शिराबाट सम्बन्ध कायम गर्नुपर्छ । हाम्रो नेतृत्वले पनि तर्क, अभिलेख, प्रमाण, बौद्धिकता, चातुर्य र कुटनीतिका आधारमा सम्बन्ध स्थापित गर्दै सबै विवादहरुको दीर्घकालीन समाधान खोज्नु पर्छ । यसतर्फ हाम्रो नेतृत्व सचेत र गम्भीर बनोस् ।**

# वीपी र कांग्रेसको प्रजातान्त्रिक समाजवाद एकै हो ?



तीर्थराज खरेल

जब वीपी कोइरालाको स्मृति दिवस नजिकिन्छ वा जन्मजयन्तीको संघारमा पुगिन्छ, तब प्रजातान्त्रिक समाजवादको चर्चा चुलिन्छ। नेपालमा राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र र समाजवादको विभिन्न कोणबाट ब्याख्या विश्लेषण शुरु हुन्छ। वीपी कोइराला नेपालको प्रजातान्त्रिक तथा समाजवादी आन्दोलनका एकजना विशिष्ट धरोहर हुन्। प्रजातान्त्रिक चेतनाको बिजारोपण, त्यसको विस्तार र प्रजातान्त्रिक समाजको आधारशिला निर्माणमा उनले ज्यादै महत्वपूर्ण भूमिका खेलेका छन्। साहित्यमा समेत गहिरो दख्खल राख्ने र नेपाली साहित्य भण्डारमा उत्कृष्ट साहित्यिक सिर्जनाहरू प्रदान गर्ने वीपी कोइरालाको व्यक्तित्व, चिन्तन र क्रियाकलापको गहिरो प्रभाव नेपाली समाज र प्रजातान्त्रिक विश्वमा आजपर्यन्त अनुभूत गर्न सकिन्छ।

तीन जना राजाहरु त्रिभुवन, महेन्द्र र वीरेन्द्रको शासन भोगेका र राणा शासक र पञ्चायती शासकहरुबाट जतिसुकै उत्पीडन र कठोर यातना पाउँदा पनि कहिल्यै नझुकेका, आफ्नो सिद्धान्तमा सगरमाथा झैं सदैव अडिग र अटल रहने क्रान्तिद्रष्टा, राष्ट्रवादी, राष्ट्रियता र प्रजातन्त्रप्रति सदैव आस्थावान रहेका वीपी कोइरालाले जीवनभर संघर्ष, आन्दोलन र द्वन्द्वबाट गुज्रिएर स्थापित गरेको बाटो वास्तवमा प्रजातान्त्रिक समाजवादको बाटो हो। पुँजीवादी राज्यव्यवस्थाका कडा आलोचक वीपी पुँजीवादी व्यवस्थालाई तीव्र उपभोक्तावादी, अनैतिक, अदूरदर्शी, क्रुर र शोषणमा आधारित मान्थे। कांग्रेस सामन्तवाद, पुँजीवाद र साम्यवादको पक्षपाती नभएर प्रजातान्त्रिक समाजवादी हो भन्ने उनको मत थियो। आर्थिक समानतासहितको लोकतान्त्रिक व्यवस्था मुलुकको खाँचो हो भन्नेमा वीपी स्पष्ट थिए।

तर, आज नेपाली कांग्रेस प्रजातान्त्रिक समाजवाद र बजारमुखी नवउदारवादी पुँजीवादलाई पर्यायको रुपमा लिँदैछ। कांग्रेस समाजवादी बाटो त्यागेर नाङ्गो रुपमा पुँजीवादको पक्षपोषण गरिरहेछ। प्रजातन्त्र र राष्ट्रियताका लागि लडेका कोइराला राजनीतिमा समाजवादी र व्यवहारवादी थिए। वीपीको बाटोमा कांग्रेस चलिरहेको छ कि छैन भनेर प्रश्न गर्न पनि अप्ठेरो छ। दुःखको कुरा नेपाली कांग्रेसको नेतृत्व खुला, उदार र लचिलो हुनुको सट्टा अरुको आङ्गको जुम्रा खोज्नमा दिलचस्पी राख्छ। जीवनभर देश र जनताकै लागि संघर्ष गर्दै अटुट रुपमा सत्ताको विपरीत धारमा उभिइरहने वीपी निर्भिक नेता थिए। तर, आज कांग्रेसको मानसिकता विपक्षमा रहन अप्ठ्यारो महशुस हुने खालको छ। वीपीले कति लामो समय जेल बसे, तर आज कांग्रेस केही दर्जन महिना सत्ता बाहिर हुँदा छट्पटिरहेको छ। यो विडम्बनापूर्ण छ कि आफ्ना संगठनलाई सुदृढ गर्ने र कार्यकर्तामा ऊर्जा भर्न जनस्तरमा आउन नेकाको नेतृत्व किंकर्तव्यविमुढताको शिकार भएको छ। दुर्भाग्यको कुरा, कांग्रेस नेपाल कम्युनिष्ट पार्टीको सरकारको कमजोरीमा आफ्नो राजनीति हाँक्न खोजिरहेको छ। नेकपाका विकल्पमा आर्थिक, राजनीतिक, सामाजिक, शैक्षिक, वैदेशिक लगायतका क्षेत्रहरुमा पुँजीवादी होइन प्रजातान्त्रिक समाजवादी कार्यनीति, कार्यक्रमिक ढाँचा र जनपक्षीय कार्यशैली कस्तो हुने भन्नेमा प्रष्ट भई जनसमक्ष जाने र आफ्नो वर्चश्व कायम गर्ने बाटो समात्न कांग्रेसलाई निकै अप्ठेरो छ।

हो, वीपी कोइरालामा साम्यवादीहरुप्रति विश्वास थिएन र उनी कार्ल मार्क्सले प्रतिपादन गरेको वैज्ञानिक समाजवादका पक्षपाती थिएनन्। नेपालका कम्युनिष्टप्रति भरोसायुक्त दृष्टिकोण थिएन उनको। लाग्छ, दर्जनौं चिरामा विभक्त, रुस-भारत-चीनप्रति अलग-अलग ढंगले रुझान राख्ने, कम्युनिष्ट पोथामा सम्पूर्ण जीवन देख्ने कम्युनिष्ट नेताहरुका कारण वीपीमा उनीहरुप्रति वितृष्णा भएको हुनसक्छ। तर, उनी लोकतन्त्रवादी र राष्ट्रवादी निश्चय नै थिए। इन्दिरा गान्धीले भारतमा बसेर नेपाल सरकारविरुद्ध कामकार्वाही गर्न नदिएपछि आफू र आफ्ना साथीहरु पुराणमा वर्णित दैत्य र गहिरो समुद्रको बीचमा परेको महशुस गरी राक्षसको मुखमा परेर मर्नुभन्दा गहिरो सागररुपी आफ्नै मातृभूमिमा अधिनायकवादी शासकहरुको पञ्जामा परेर मर्नु निको सम्झेर २०३३ साल पुस १६ गते राष्ट्रिय एकता र मेलमिलापको नीति लिएर स्वदेश फर्के। स्वदेश फर्कँदा वीपीले देश संकटमा परेको र संकट चर्किँदै गएर राष्ट्रिय अस्तित्व खतरामा परेको बताएका थिए। विदेशी तत्वहरु कुचक्र चलाएर नेपाललाई अन्तर्राष्ट्रिय षडयन्त्रको अखडा बनाउन चाहन्छन् र देशमा स्वार्थपरायणता, साम्प्रदायिकता, व्यक्तिवादी मनोवृत्ति र विदेशपट्टि आमुख हुने प्रवृत्तिको बोलबाला भएको विचार राख्ने वीपीको



राष्ट्रियता र प्रजातन्त्र दुबैलाई सँगै लैजानुपर्ने मत यतिका वर्षपछि पनि व्यवहारमा सही भएको हामी देख्न सक्छौं। उनले भने झैं देशमा स्वार्थ परायणता, साम्प्रदायिकता, व्यक्तिवादी मनोवृत्तिको बढोत्तरी भएको छ भने प्रायः सबै राजनीतिक शक्तिहरु कुनै न कुनै रुपमा विदेशी शक्तिबाट प्रभावित छन्। मेलमिलाप नीति लिई नेपाल फर्के पछि पञ्चायती शासकहरुले दर्जनौं मुद्दाहरु लगाएर राजद्रोहको आरोपमा मृत्युदण्ड दिने तयारी गर्दा पनि वीपी कहिल्यै लत्रेनन्। उनलाई आफ्ना नेता मान्ने नेपाली कांग्रेस प्रजातन्त्रका नाममा आज के गर्दैछ ? राष्ट्रिय एकता र मेलमिलापको नीतिबाट निर्देशित भएको मान्ने कांग्रेस अहिले मुलुकमा कसरी क्रियाशील भइरहेको छ ? नेपाली कांग्रेस संघीय, प्रादेशिक र स्थानीय तहका संसदहरुमा झिनो जनसमर्थनसहित उपस्थित हुन बाध्य भएको छ। यद्यपि केन्द्रको चुनावमा लोकप्रिय मतमा नेकपाको मतभन्दा धेरै नै फरक अवस्थामा रहेको छैन। वास्तवमा वीपी कोइरालालाई बिर्सेकै कारणले वा वीपीका आदर्शलाई नपछ्याएकै कारणले इतिहासमै पहिलो पटक जनताकै मतद्वारा पराजित हुनुपरेको हो। दोषी बीपी कोइरालाले प्रतिपादन गरेको सिद्धान्त र विचार होइन। वीपीका विचार, सोच र आदर्शलाई भुलेर कांग्रेस कमजोर बनेको हो। आज नेपाली कांग्रेसले आफूले हिँडेको बाटो निजीकरण र पुँजीवादी बाटो प्रजातान्त्रिक समाजवादी बाटो हो कि, सामन्ती र नाङ्गो पुँजीवादी हो भन्नेमा प्रष्टता आउन जरुरी छ।

वास्तवमा भन्ने हो भने वीपी संसदीय व्यवस्थाका हिमायती थिए। अझ भन्ने हो भने संवैधानिक राजतन्त्रात्मक राज्यव्यवस्थाका उनी पक्षधर थिए। उनी स्वार्थ र त्रासले एकदलीय अधिनायकवादी शासकहरुको पक्षमा कहिल्यै उभिएनन्। उनले लोकतन्त्रका लागि धेरै पटक आफ्नो जीवनको जोखिम उठाएका थिए। २०१५ सालमा सम्पन्न नेपालको पहिलो आम निर्वाचनबाट प्रधानमन्त्री बनेका वीपीले ग्रामीण अर्थतन्त्रमुखी विकासका कार्यक्रमहरुसहित क्रान्तिकारी बाटोमा अघि बढ्न कोशिस गर्दा र आफ्नो दुई तिहाइ बहुमत भएकाले संसदबाट जनपक्षीय भूमिसुधार कानून पारित गरेपछि राजा महेन्द्रबाट बहुदलीय लोकतन्त्रको घाँटी निमोठी २०१७ साल पुस १ गते बहुदलीय प्रजातन्त्र खोसी एकदलीय निरंकुशताको बीजारोपण गरी उनलाई जेल हालियो। वीपी राजासँग झुकेनन्, बरु उनले एक महान प्रजातन्त्रवादी नेताको रुपमा एकान्त जेल रोजे र लोकतन्त्रको खरानीमाथि उभिएको अधिनायकवादको विपक्षमा उनी सदैव खडा भए। अति-प्रशंसाका माध्यमबाट वीपीलाई पनि अलौकिक व्यक्तित्वका रूपमा महिमामण्डित गरिएको छ र यो काम नेकाले नै गरेको हो। उनका कतिपय अनुयायीहरू उनलाई 'महामानव' को विशेषणले प्रशंसित गर्छन्। यो विशेषणभित्र अन्तरनिहित माया, विश्वास र सद्भावलाई बुझ्न सकिन्छ र एक हदसम्म 'सान्दाइ' भित्र अन्तरनिहित आफ्नोपनलाई स्वीकार्न सकिन्छ। ठीकै छ, मायाले, सद्भावले र प्रेमले महामानव भन्नु जायज छ, तर उनका आदर्शलाई नलिने, मात्रै उनलाई महामानव भनेर प्रशंसा गरेर के हुन्छ ? नेपाली राजनीतिक इतिहासमा वीपीको ठूलो योगदान छ। उनी राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीति, अर्थशास्त्र, समाजशास्त्र र साहित्यको व्यापक अध्ययन गरेका अध्ययनशील नेता थिए।

आज दर्जनौं प्रश्न नेपाली कांग्रेसका प्रति उठेका छन्। आजका नेकाका नेताहरुमा वीपीको जीवनबाट लिने कुनै आदर्शमय जीवनपद्धतिको मार्गदर्शनबारे हृदयतः विश्वास छ ? स्थानीय, प्रादेशिक र संघीय तहका निर्वाचनमा भएको पराजयको जिम्मा पार्टी नेतृत्वले नलिनुभन्दा आश्चर्यजनकशैली संसारका कुनै लोकतान्त्रिक मुलुकमा पाइन्छ ? कम्युनिष्ट बलिया भएर मात्र कांग्रेसले हारेको हो कि कांग्रेस कमजोर भएर कम्युनिष्टले विजयपताका फहराएका हुन् ? कमजोरी कम्युनिष्टभित्र छ कि कांग्रेस आफैमा छ ? कांग्रेसका लागि वीपीको आदर्श सबभन्दा महत्वपूर्ण सन्दर्भ सामग्री हुनसक्छ। मुलुकको प्रजातान्त्रिकरण र आधुनिकीकरणको वीपीको सपना कांग्रेसका लागि मुख्य मार्गदर्शन हुनसक्छ। नेपाली कांग्रेसले वीपी कोइरालाले दिशानिर्देश गरेका समाजवादी, जनपक्षीय र जनहितकारी नीति र कार्यक्रमलाई समयसापेक्ष परिभाषित र पुनर्मूल्यांकन गर्न सक्नुपर्छ। कम्युनिष्टमाथि अधिनायकवादी आरोप थोपरेर प्रजातन्त्रको लागि आफू सँगसँगै संघर्ष गर्ने, पटक-पटकका जनान्दोलनमा सरिक हुने, १७ वर्षभन्दा बढी समय जेल बस्ने, तानाशाही व्यवस्थाबाट सबैभन्दा बढी मारिने सहयात्री कम्युनिष्टहरुलाई अधिनायकवादी, तानाशाही, श्रीपेचधारी भनेर जनतामा असन्तोष सृजना गर्न नेपाली कांग्रेसले मिल्दैन।

नेपाल कम्युनिष्ट पार्टी लोकतान्त्रिक पार्टी हो। लोकतन्त्रको स्थापना, विकास र मूल प्रवाहीकरणमा कम्युनिष्टहरुको योगदानको हिस्सा छ, तसर्थ नेपाली कांग्रेसले आफूलाई प्रजातन्त्रवादी भन्ने र कम्युनिष्टहरुलाई अधिनायकवादी भनेर आमसञ्चारका माध्यम, सामाजिक सञ्जाल र आफ्ना प्रशिक्षणहरुमा भन्नुको खासै अर्थ छैन। नेपालका मुख्य कम्युनिष्टहरुको धार लोकतान्त्रिक आन्दोलनकै धार हो। अब नेकाले यो प्रचारलाई त्यागेर अझ समुन्नत लोकतन्त्र कसरी बनाउने, आधुनिक युगसापेक्ष नीति तथा कार्यक्रमका बारेमा चिन्तन/मनन गर्न आवश्यक छ। वीपी कोइरालालाई आफ्नो युग र आफ्नो सन्दर्भका सबैभन्दा अग्ला धरोहरका रूपमा हेर्ने, उनको संघर्ष, शिक्षा र आदर्शलाई देश-काल सापेक्ष राखेर विश्लेषण गर्ने र आजको सन्दर्भमा उनलाई अझ बढी प्रासङ्गिक बनाउने दायित्व कमजोर नहोस् भन्ने कुरामा हेक्का राख्नुपर्छ। अन्यथा, उनलाई आफ्नो समयका सारथीका रूपमा बुझ्न सकिँदैन र नेपाली जनतालाई यस सम्बन्धमा बुझाउन पनि सकिँदैन। हुन त वीपीले आफ्नो जीवन असफल नभएको बताएका छन्, तर उनले आफ्नो सोच, दर्शन र नीतिहरु व्यावहारिक रुपमा लागू गर्ने अवसर नै पाएनन्।

वीपी कम्युनिष्टप्रति अनुदार थिए। उनी भन्थे- कम्युनिष्टहरु सदैव रोटीलाई प्राथमिकता दिन्छन्, तर मानिस त रोटीले मात्र बाँच्न सक्दैन। मानिसलाई त रोटीका साथसाथै स्वतन्त्रता पनि चाहन्छ। उनी पुँजीवादी राज्यव्यवस्थाका पनि कडा आलोचक थिए भन्ने तथ्य राख्दा आजका वीपीका अनुयायी र विरोधीहरु पत्याउँदैनन्। पुँजीवादी व्यवस्था तीव्र उपभोक्तावादी हुने भएकाले अनैतिक, अदूरदर्शी, क्रुर र शोषणमा आधारित हुन्छ भन्ने उनको धारणा थियो। उनको भनाइमा नेपाली कांग्रेस सामन्तवाद, पुँजीवाद र साम्यवाद कुनैको पनि पक्षपोषण गर्न सक्दैन, यो त प्रजातान्त्रिक समाजवादबाट निर्देशित हुने राजनीतिक शक्ति हो। समाजवादको भविष्य उज्ज्वल छ भन्नेमा वीपी पूर्णरुपमा विश्वस्त थिए। राष्ट्रप्रति समर्पित रहेर लोकतान्त्रिक व्यवस्थाका पक्षमा चट्टानी दृढतासहित उभिने उनका असल र अनुशरणीय गुणबाट सिक्न सके आजको हाम्रो समाज, मुलुक र हरेक नागरिकको जीवनमा निश्चय नै सकारात्मक परिवर्तन आउने थियो भनी विश्वास गर्न सकिन्छ। सारमा भन्ने हो भने वीपी कोइरालाका सोच र विचार आधुनिक नेपाल निर्माणका लागि मार्गदर्शन हुन सक्छन्, तर अहिलेको नेकाको नेतृत्व र कार्यकर्ता पंक्तिले यो सच्चाइलाई ग्रहण गर्ने र आफूलाई बदल्ने, समाज बदल्ने र समाजवादी नेपाल निर्माण गर्ने वीपीको सपना पूरा गर्ने मार्गमा अग्रसर हुन जरुरी छ।

*tirthakharel2028@gmail.com*

# पत्रकारिताको नाममा कालो धब्बा: भारतीय मिडिया



उदय मैनाली

भारतीय मिडियको हर्कत दिनानुदिन जोकरभन्दा तल्लो स्तरमा गइरहेको छ। भारतीय मिडियालाई विश्लेषण गर्न एउटा भनाई प्रसिद्ध छ : यिनीहरु सबै थोक गर्छन्, शिवाय पत्रकारिता। अत्यन्त्यै अतिरञ्जित क्रियाकलापको थैलो बोकेर आम सर्वसाधारण माथि अफवाह फैलाउनु नै भारतीय मिडियाको दिनचर्या बनेको छ। यिनीहरुको आम चरित्र नै उच्छृङ्खल, भड्काउ र गैर जिम्मेवारपूर्ण छ। त्यसैले माथिको सबैथोक गर्छन्, शिवाय पत्रकारिता भन्ने वाक्यांश नै काफी छ यिनीहरुको कार्यशैली हेर्दा, सुन्दा।

पत्रकारिता निष्पक्ष, तथ्यपरक र जागरुकता बढाउने किसिमको हुनुपर्दछ। तर, भारतीय मिडियाको हकमा यो कुरा लागू हुँदैन। पत्रकारिताको मूलमन्त्र भनेको वस्तुनिष्ठता, निष्पक्षता र विश्वसनीयता नै हो तर भारतीय मिडियाको हर्कत हेर्दा लाग्छ यिनीहरुको लागि मूलमन्त्र केवल टिआरपी, टिआरपी र टिआरपी मात्र हो। अतिरञ्जित समाचार र विषयलाई प्रोपोगाण्डा बनाएर टिआरपी बढाउनु नै यिनीहरुको मूल ध्येय हो भन्दा फरक पर्दैन। यस्तो पित पत्रकारिताको जगमा बलिरहको आगोमा टिआरपीको घीऊ थप्नुलाई पत्रकारिता मान्दछन्। अधिकांश भारतीय मिडियाको समाचार र प्रस्तुति घटिया, निम्नकोटीको र उच्छृङ्खल किसिमको रहेको छ। यिनीहरुको समाचार सामग्री भन्दा सडकमा उठ्ने नारावाजी नै मूल्यवान् रहेको छ।

भारतीय मिडिया भारतीय शासन सत्ताको गुलाम हुन्। भारतीय सरकारको पक्षपोषण गर्ने र अरुलाई तल पारेर सत्ताले दिएको रोटीको टुक्रामा जीविकोपार्जन गर्ने परजीवि मिडियालाई कतिपय भारतीयहरुले गोदी (मोदी) मिडियाको संज्ञा दिएका छन्। सत्ताको रासनपानीमा बिकेका बिकाउ भारतीय मिडियालाई सरकारको भजन गाउन बाहेक फुर्सद नै हुँदैन, यदि त्यसबाट अलिकति फुर्सद मिल्यो भने सत्ता विरोधी पक्षको विरुद्धमा विष वमन गर्न थाली हाल्छन्।

राजनीतिक, धार्मिक, जातीय र क्षेत्रीय विद्धेष फैलाउन खप्पिस यस्ता च्यानलहरु कै कारणले भारतमा बेला-बेलामा भिषण दंगा फसाद भएको यथार्थ जगजाहेर नै छ। विश्वको ठूलो प्रजातान्त्रिक मुलुक भनेर चिनिन खोज्ने तर व्यवहारमा प्रजातन्त्र सत्ताका आसेपासे र तिनका मतियार मिडियाहरुलाई मात्र हो भन्ने पुष्टि गर्न पछि पर्दैनन्। त्यसैले त भारतमा अल्पसंख्यक धार्मिक र जातीय समूहको कुनै पनि प्रजातान्त्रिक हक अधिकार छैन। सबै मुस्लिम समुदायलाई पाकिस्तानी एजेन्ट देख्ने भारतीय मिडियाको कुदृष्टिले यस्ता च्यानलहरु सत्ताको चाकरीमा लिप्त भएर मालिकले भुक्न लगाउँदा भुक्ने कुकुर जस्तै भएका छन्।

यतिसम्म निकृष्ट अन्तवार्ता र टक शो दुनियाँमा कही हुँदैन। अन्तरवाता लिन बोलाइएका अतिथिको विचार लिइँदैन उल्टो झाँको झारिन्छ। हुलहुज्जत गरिन्छ। कात्तिकमा रमाएका कुकुर झैं भुक्छन् त्यहाँका टिभी एन्करहरु। यस्ता परिदृश्य हेर्दा लाग्छ हाम्रा ऋषि धमला निकै सभ्य र शालिन हुन्।

भारतका मिडिया जुन पार्टीको सत्ता आयो त्यसैको गुन गाएर नुन खान पल्किएका प्राइभेट कम्पनीहरु हुन्। यस्ता फेक समाचारले भारतीय मिडियाको विश्वसनीयता माथि गम्भीर प्रश्न उठ्ने गरेको छ। भारतीय मुस्लिम, अल्पसंख्यकको विरोधमा बोलेर नगल्ने जीन्यूज, आर. रिपब्लिक, आजतक, न्यूज १८ नेटवर्क जस्ता च्यानलको भारत मै विश्वास गर्न छाडिएको छ। कतिपय टिभी एन्करले अदालतमा मुद्दा खेपिरहेका छन्। तर पनि सुध्रिने कुनै छाँटकाँट देखिँदैन। भारतको आन्तरिक विवादको दुष्प्रचार गरेर नअघाएका गोदी मिडियाहरु नेपालको आन्तरिक विषयमा पनि उत्तिकै दुष्प्रचार गर्न लागिपरेका छन्।

**१. नेपालबारे गरिएका दुष्प्रचारहरु :**

नेपाल र नेपालीबारे भारतीय मिडियामा पटक-पटक भद्दा समाचारका श्रृंखला चलिरहेका छन्। भारतीय शासकहरुको नेपालप्रतिको हेपाहा प्रवृत्तिको पक्षपोषण भारतीय मिडियाले सधैंजसो गर्ने गरेका छन्। नकारात्मक टिप्पणीको होडवाजीमा लागेका यस्ता च्यानलहरुले नेपालबारेको अनर्गल प्रचारलाई महत्वपूर्ण स्थान दिन्छन् र विश्वभरि भ्रमको खेती गरिरहन्छन्। नेपालको सन्दर्भमा चाहे त्यो २०७२ सालको भुकम्प होस वा दरवार हत्याकाण्ड, भारतीय मिडियाहरु फोहोरको डङ्गुरमा झिँगा भन्के झैं आइलाग्छन्। तर, नेपाल भारतको सम्बन्ध माथि उठाउने उच्चस्तरीय भ्रमण तथा छलफलको कुनै विषय समाचारको शीर्षक बन्दैनन्।

दरबार हत्याकाण्ड, भूकम्प, नाकाबन्दी तथा सीमा अतिक्रमणका विषयमा नकारात्मक र भ्रामक समाचारको बिगबिगी भारतीय मिडिया छरपष्ट पाइन्छन्। त्यसको गतिलो उदाहरण भूकम्पको बेला भारतीय मिडियाको रिपोर्टिङ यति भद्दा र वाहियात थियो कि सामाजिक सञ्जालमा ब्याक अफ इण्डियाको नारा भाइरल भएको थियो।

त्यस्तौ हालको लिम्पियाधुरा, कालापानी सीमा विवादमा पनि भारतीय मिडियाको रोल सतही र उत्तेजना फैलाउने बाहेक केही रहेन। भारतको चीनसँगको अस्वस्थ प्रतिस्पर्धा र शितयुद्धको आडमा नेपालले भारतसँग जोरी खोज्यो भन्नु बाहेक भारतीय मिडियाले कुनै तथ्यपरक समाचार प्रशारण गर्न सकेको छैन। हुन त सुँगुरलाई स्वर्ग जान्छस् ? भन्दा खै के खान पाइन्छ ? भनेर सोध्यो भने झैं पत्रकारिताको भाव, मर्म र अर्थ नबुझेका डुकुलन्ठक चाप्लुस भारतीय मिडियासँग अब सकारात्मक समाचारको आश गर्नु व्यर्थ रहेको छ।

नेपालमा भारतीय इच्छा विपरीत हुने सबै आन्तरिक मामलामा बडे भाइ बनेर हस्तक्षेप गर्ने रणनीति बोकेको विस्तारवादी सोचलाई नेपालीले बुझिसकेका छन्। नपालीमूलकी भारतीय अभिनेत्री मनिषा कोइरालाको एउटा ट्वीटरमा बभण्डर मच्चाउने, नेपाल चीनको पोल्टामा गयो भनेर रुवाबासी गर्ने, नेकपाको आन्तरिक विवादलाई नक्सा प्रकाशनसँग जोडेर दुष्प्रचार गर्ने गिरेको सोचलाई हामी पत्रकारिता भन्दैनौ , यसलाई पित पत्रकारिता भन्दछौं।

**२. पित पत्रकारिताको पराकाष्ठा :**

हुँदा-हुँदा, हालसालै नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीको बारेमा प्रसारित गरिएको शर्मनाक र निच प्रकृतिको समाचार सामग्रीले नेपालीको मन अत्यन्त्यै दुःखीत भयो। आपत्तिजनक शब्दहरु ओलीकी इश्कियाँ, ओलीके दिल ओले ओले जस्ता भद्दा र अभद्र प्रस्तुतिले भारतीय मिडियाको वास्तविक चेहेरा सामुन्ने आएको छ। चिनीया राजदूत यान्कीसँग जोडेर गरिएका यस्ता अनर्गल प्रचारको कुनै तुक छैन। तथापि यस्ता जोकर मिडियाको हर्कतलाई भने हामीले बेलैमा ठेगान लगाउनुपर्छ।

नेपाली प्रधानमन्त्रीको विरुद्ध गरिएको लज्जास्पद टिप्पणीले नेपालीको आत्मसम्मानमा गहिरो चोट पुगेको छ। जी टिभी नामक मिडियामा प्रसारित यो रिपोर्टले भारतीय पत्रकारिताको नाङ्गो रुप देखाएको छ। यस्ता प्रोपोगाण्डालाई पित पत्रकारिता भनेर विरोध गरेर मात्रै पुग्दैन थियो। फलस्वरुप नेपालका स्वाभीमानी केबल अपरेटरले सरकारको अनुरोधमा यस्ता विसंगतीमूलक मिडियालाई नेपालमा प्रशारण ब्याण्ड लगाएको छ। यतिले मात्रै अवश्य पुग्दैन दिल्लीस्थित नेपाली कुटनीतिक नियोगले पनि यस्ता कपोल्कल्पित समाचारको खण्डन र कारवाहीको लागि प्रयास गर्नुपर्छ। यस्तो संवेदनशील विषयमा नेपाल सरकारले एक्सन लिनुपर्छ र उक्त गलत रिपोर्ट तत्काल हटाउन पहल गर्नुपर्छ। अन्तर्राष्ट्रिय सम्बन्ध बिगार्ने यस्ता भारतीय मिडियालाई सदाका लागि रोक लगाउनुपर्छ।

# भन्सार नहुँदा तस्करी बढ्यो

**इलाम, साउन ५।** भारततर्फ निकासी-पैठारीको चेकपोष्ट नहुँदा यहाँको सूर्योदय नगरपालिकास्थित पशुपतिनगरबाट अवैध तरिकाले सामान भित्रिने गरेको छ ।

नेपालतर्फ भन्सार भए पनि भारततर्फ भन्सारको चेकपोष्ट नहुँदा नेपालतर्फ सामग्री भित्र्याउँदा भन्सार महशुल तिर्न नसकिएकाले नेपालतर्फ अवैध तरिकाले सामग्री भित्रिने गरेको पाइएको छ ।

भारतीय सीमा क्षेत्रमा पशुपतिनगर बजार क्षेत्र भएकाले सीमावर्ती नेपालीको सरसामान किन्न जाने ठाउँ हो, तर सीमामा चेकपोष्ट नहुँदा अवैध तवरले सामग्री आउने गरेको पशुपतिनगर भन्सार प्रमुख गजेन्द्र भट्टराई बताउँछन् ।

नेपाल भित्रिएको सामानको रसिद बनाइ दिनेभन्दा पनि कतिपय भने हतोत्साहित भएर कार्यालयमा दर्ता नै नगर्ने गरेको कार्यालय प्रमुख भट्टराईले बताए । 'भारततर्फबाट अवैध रूपमै ल्याए पनि हाम्रोमा दर्ता गरेर लैजानुहोस्भन्दा पनि उहाँहरू मान्नुहुन्न'-भट्टराईले भने- 'उतापट्टि भन्सार नहुँदा अवैध सामग्री आएको हो ।'

**खुलेनन् छोटी भन्सार**

सशस्त्र द्वन्द्वका समयमा विस्थापित इलामका चार वटा छोटी भन्सार कार्यालय अझै पुनःस्थापना हुन सकेका छैनन् । असुरक्षाको कारण देखाउँदै विस्थापित बनेका छोटी भन्सार कार्यालय पुनःस्थापित नहुँदा राजस्व संकलन प्रभावित भएको छ । विस्थापित ती कार्यालय पुनःस्थापना नहुँदा खुला सिमानाको फाइदा उठाउँदै सीमावर्ती क्षेत्रमा तस्करी भइरहेको छ ।

इलामको हिले, बन्दुके लगायतका भन्सार अझै स्थापित भएका छैनन् । विस्थापित कार्यालयमध्ये अहिले छब्बिसे, मानेभन्ज्याङ र तुम्लिङ पुनःस्थापित भएका छन् । कोरोना महामारीका कारण बन्दाबन्दी भएपछि नेपाल-भारत सीमामा रहेको पशुपतिनगर नाका प्रभावित भएको छ । कोरोनाका कारण सीमा अवरुद्ध भएपछि भन्सारको राजस्वमा कमी आएको छ ।

**कोरोनाको असर भन्सारमा**

विगतका वर्षहरूमा लक्ष्यभन्दा माथि राजश्व संकलन गर्ने यस भन्सारले गत आर्थिक वर्ष २०७६/०७७ मा भने लक्ष्यभन्दा २४ प्रतिशत कम मात्र राजश्व संकलन गरेको छ । भन्सार प्रमुख भट्टराईका अनुसार भन्सार महशुल अन्तर्गत आर्थिक वर्ष २०७६/०७७ मा एक करोड ८९ लाख ९४ हजार लक्ष्य रहेकोमा रु. एक करोड ४४ लाख ३४ हजार एक सय एकमात्र संकलन भएको छ ।

अनुमति लिएर नेपालका सीमा वरपरका क्षेत्र घुम्न आउने सवारीबाट भन्सार महशुल अन्तर्गत रु. एक करोड १९ लाख ५६ हजार आठ सय पाँच लिइएको छ । भन्सारबाट भित्रिने सामग्रीको मूल्य अभिवृद्धि कर(मुअक) बाट रु. १४ लाख ८० हजार आठ सय ५०, कृषि अग्रिम आय करबाट रु. २४ हजार चार सय राजश्व संकलन भएको छ । भन्सारमा अन्य प्रशासनिक शुल्कबाट रु. दुई लाख २२ हजार, प्रशासनिक दण्ड जरिवानाबाट रु. सात लाख १३ हजार नौ सय ९२ संलन भएको छ । कार्यालय प्रमुख भट्टराईले कोरोना महामारी नआएको भए गएका वर्षहरूमा जस्तै यस वर्ष पनि लक्ष्य अनुसारकै राजस्व उठ्ने बताए ।

# सिटमा खचाखच, भाडा दोब्बर



**ताप्लेजुङ, साउन ५।** स्थानीय रुटमा चल्ने यातायातले लकडाउनमा मौका छोपी गाडीको सिटमा खचाखच मान्छे बसाउँदै चर्को भाडा उठाउन थालेको छ ।

सिट क्षमताभन्दा आधामात्र यात्रु राखी कोरोना भाइरसको संक्रमणबाट बच्न त्यस्ता सवारीमा स्यानिटाइजरसमेत राखेर चलाउन सकिने निर्णय नेपाल सरकारले गत २६ असार निर्णय गरेको छ । भाडा शुल्क ५० प्रतिशतसम्म बढाउन पाउने पनि २६ गते सरकारले निर्णय गरेको छ । तर, ५० प्रतिशत भाडा बढाउन भने गाडी सिट क्षमताको आधा यात्रु राख्नलाई हो ।

तर, ताप्लेजुङको सदरमुकामदेखि विभिन्न स्थानीय तहसम्म पुग्ने गाडी चालकहरुले गाडीको सिट क्षमताभन्दा धेरै यात्रु राखेर यात्रुसँग मनपरी तरिकाले चर्को भाडा उठाउन थालेको डम्बर ओखबुले बताए । ताप्लेजुङ सदरमुकामदेखि मेरिङदेन गाउँपालिकाको साथाक्रासम्मको साविक भाडा तीन सय रुपैयाँ हो तर अहिले पाँच सय रुपैयाँ भाडा लिन थालेको छ । ताप्लेजुङदेखि आठराई त्रिवेणी गाउँपालिकाको हाम्पाङसम्मको भाडा चार सय रुपैयाँ हो तर अहिले आठ सय रुपैयाँ भाडा उठाउँदै आएको छ ।

ताप्लेजुङको सदरमुकामदेखि दोभानको भाडा शुल्क दुई सय रुपैयाँ हो, तर अहिले चार सय लिँदै आएका छन् । ताप्लेजुङ जिल्लादेखि बिर्तामोडको भाडा आठ सय रुपैयाँ हो, तर अहिले दुई हजार रुपैयँ असुल्दै आएको एक यात्रुले जानकारी दिए ।

ताप्लेजुङ जिल्लामा सञ्चालित सानो गाडीमा सामाजिक दूरी कायम गर्न नसकिने र क्षमता अनुसार यात्रु राख्नुपर्ने डिल्लीराम न्यौपानेले बताए । कोरोनाको कहरले सबै थलिएको अवस्थामा यात्रुसँग मनपरी भाडा लिन थालेको भन्दै तत्काल सरोकारवालाहरुसँग समस्या समाधाका लागि अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियले ताप्लेजुङको जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाएको छ ।

# वडालाई ज्ञापनपत्र

**दुहागढी, साउन ५।** हातेमालो सामुदायिक वन उपभोक्ता समूहमा आबद्ध मेचीनगर-१४ का उपभोक्ताहरुले आफ्नो वडा क्षेत्रमा पर्ने वन क्षेत्र छुट्याई वडास्तरीय समिति मार्फत संरक्षण गर्नुपर्ने माग गरेका छन् ।

साविक दुहागढी गाविस अन्तर्गतपर्ने सो वन समूहमा हाल मेचीनगर-१३ र १४ वडाका उपभोक्ताहरु आबद्ध छन् । दुबै वडाको संयुक्त वन भए पनि समूहको कुनै पनि आधिकारिक दस्तावेजमा मेचीनगर- १४ उल्लेख नभएको हुँदा वडाको पहिचान गुमेको साथै समूहबाट प्रदान गरिने सेवासुविधामा विभेद भएको भन्दै १४ नम्बर वडाका उपभोक्ताहरु आन्दोलित भएका हुन् ।

असन्तुष्ट उपभोक्ताहरुले वडा अन्तर्गत पर्ने वन वडाकै स्वामित्वमा ल्याई रेखदेख तथा संरक्षणका लागि छुट्टै समिति बनाउने प्रक्रिया शुरु गर्न माग गर्दै वडा कार्यालयमा ज्ञापनपत्र बुझाएका छन् ।

स्थानीय तिलक भुजेल, लोकेश्वर चौधरी, प्रितम पनेरु लगायत दुई सय २५ भन्दा बढी उपभोक्ताहरुको हस्ताक्षर भएको ज्ञापनपत्र वडाध्यक्ष शंकरप्रसाद पोखेललाई हस्तान्तरण गरिएको छ ।



# धान गर्भैमा कुहिंदा किसान चिन्तित

**मेचीनगर, साउन ५।** मेचीनगर नगरपालिका-१ स्थित बाहुनडाँगीको सारु गौडा भन्ने ठाउँका किसान २५ बिगाह जमीनमा लगाएको धान मर्न थालेपछि चिन्तित बनेका छन् ।

धान रोपेको महिना दिनमै शुरुमा गुभो कुहिने र पछि बोटै मर्न थालेपछि किसान चिन्तित बनेका हुन् । 'रोपेको १५ देखि २० दिनभित्रमा धान हरियो देखिनुपर्नेमा सबै रातो देखिन्छ' -स्थानीय ४३ वर्षीय किसान सुवेदबहादुर भुजेल भन्छन्- 'गर्भैमा रोग लाग्यो, सबै धान सखाप भयो अब के खानु ।' उनी लगायत सारु गौडाका अन्य १० जना किसानले २५ बिगाह जमीनमा लगाएको धानमा यो समस्या देखापरेको छ ।

महँगो खनजोत, मल र बीऊको प्रयोग गरी रोपेको धान सुकेपछि किसानमा थप चिन्ता बढेको छ । उनले गत वर्ष पनि धानमा सो समस्या देखापरेको र औषधि छिट्दा ठीक भएको बताउँदै भने- 'धानको गुभोमा लाम्रे जस्तो किरा देखियो, औषधि छिट्दा समेत मरेन । अगुवा रोपाइँ थियो दुई बिगाह सबै सखाप भयो ।'

उनँले तीन बिगाह जमीनमा रञ्जित धान लगाएको बताए । दुई बिगाहमा लगाएको धान सखाप भए पनि बाँकी रहेको कसरी बचाउने भन्ने चिन्तामा छन् उनी । उनले धानमा कुन रोग लागेको र के औषधि छिट्नुपर्छ भन्नेबारे जानकारी नहुँदा समस्या भएको बताए ।

स्थानीय सरकारको ध्यान कृषि तर्फभन्दा पनि बाटो, पुल, कल्भर्ट लगायत भौतिक पुनःसंरचनामा देखिँदा किसान मारमा परेको स्थानीय सामाजसेवी गोविन्द न्यौपानेको आरोप छ । कृषकको बालीमा लागेको रोग, मल बीऊ, प्राविधिक र सिँचाइका समस्यामा स्थानीय सरकारले चासो दिनुपर्ने उनको भनाइ छ । 'किसानलाई प्राविधिक ज्ञान छैन । धानमा के समस्या आउँदा कस्तो औषधि छिट्ने भन्ने विज्ञबाट स्थानीय सरकारले बेलैमा तालिम दिएको भए किसान आफैँले सानोतिनो रोगको निदान गर्न सक्थे, आज यस्तो समस्या आउँदैन थियो ।'- उनी भन्छन् ।

कृषि ज्ञान केन्द्र झापाका प्रमुख नीलकमल सिंहले जिल्लामा कुनै पनि किसानले रोगका कारण धान मरेको जानकारी नदिएको बताए । उनले भने- 'हामीसँग विज्ञ प्राविधिक छन्, समस्याबारे जानकारी पाए प्राविधिक पठाएर औषधिको व्यवस्था गर्ने थियौँ ।'

## समाजवाद ...

सालमा सर्वमान्य नेता, लौह पुरुष, नेपाली कांग्रेसका संस्थापक नेता गणेशमान सिंह श्रेष्ठको नेतृत्वमा कम्युनिष्टहरुको तत्कालीन बाम मोर्चा सम्मिलत भएर गरिएको संयुक्त जनआन्दोलनले पुष्टि गर्दछ। यति हुँदाहुँदै पनि वीपीले शंका गरे अनुसार नेपालका कम्युनिष्टहरुलाई पञ्चायतको शुरुवाती चरणमा संगठन गर्न केही होलो खुकुलो गर्नुको पछाडि नेपाली कांग्रेसको संगठनलाई कमजोर बनाउन काउण्टरको रुपमा राजा महेन्द्रले उपयोग गरेको बुझ्न कठिनाई छैन। कम्युनिष्टको संगठन मजबुदै बन्दै गएको थाहा पाएपछि राजाको नायकत्वमा सञ्चालित पञ्चायती व्यवस्थाले कांग्रेस र कम्युनिष्टलाई मिल्न नदिई फुटाउँदै दुबै शक्तिमाथि दमन बढाउन थाल्यो र पछिल्लो समय दुई शक्तिहरु संयुक्तरुपमा पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलन सञ्चालन गर्न कार्यनीतिक एकता साथ तयार भए र केही उपलब्धिहरु पनि हासिल भए। यति हुँदाहुँदै पनि दरबारको संरक्षणमा हुर्किएका नेपालका कम्युनिष्टहरुको रणनीति र कार्यनीतिमा भिन्नता रहँदै आएको पनि सत्य हो। यसको पछिल्लो उदाहरण गणतन्त्रको घोषणपछि गिरिजाप्रसाद कोइरालालाई प्रथम राष्ट्रपति बनाउने सहमति जनाएर पछि भारतको पटनामा स्थायी बसोबास गरिरहेका रामराजाप्रसाद सिंहलाई राष्ट्रपतिको उम्मेद्वार खडा गरी धोखा दिएपछि गिरिजाबाबु पछि हट्नु परेको घटना, संक्रमणकालीन अवस्थामा शान्ति र मेलमिलापको सिद्धान्त अनुसार अघि बढनुपर्नेमा राज्यसत्ता कब्जाको नियत राखी प्रधान सेनापति हटाएर सर्वसत्तावाद लाद्ने प्रचण्डको दुष्प्रयास आदिले वीपीले नेपालका कम्युनिष्टहरु भरोसा र बिश्वासयोग्य छैनन् भनी गरेको आशंकालाई थप पुष्टि गर्दछ। र, यो आशंकाले उनीहरु संकुचित साम्यवादी यात्रा छोडेर बिशाल प्रजातान्त्रिक लोकमार्गमा समाहित भएर समाजवादको महायात्रामा हिँड्न तयार छन् कि छैनन् भन्ने अर्को प्रश्न पनि खडा भएको छ।

आजो विश्वका मानिसहरुका लागि स्वतन्त्रताभन्दा प्यारो अरु कुनै कुरा छैन। मानिस कुनै पनि प्रकारको बन्देज, बन्धन, दासत्व वा नियन्त्रण र अंकुशलाई स्वीकार गर्ने पक्षमा छैन, लोकतान्त्रिक विधिद्वारा निर्वाचित संसदले लोक कल्याणका लागि बनाएका लोकतान्त्रिक कानूनहरुको पालना बाहेक। देशको शासनसत्तामा कुनै जाति, भाषी, पेशा वा वर्गका मानिसहरुको मात्र हाली मुहालीलाई लोकतन्त्रले स्वीकर गर्दैन, अनि लोकतान्त्रिक समाजवादी बिचारलाई स्वीकार गर्नेहरुले पनि। तसर्थ, हिजोका दिनमा एकदलीय अधिनायकवाद र सर्वहारा वर्गको अधिनायकवादमा विश्वास गर्नेहरु पनि आजको दिनमा जनताको सर्वोच्चतालाई स्वीकार गर्दै बहुलवादसहितको बहुदलीय संसदीय संघीय लोकतान्त्रि समाजवादी राज्य व्यवस्थालाई अंगीकार गर्न बाध्य भएका छन्।

लोकतान्त्रिक समाजवादी संसदीय शासन प्रणलीको स्थापना नेपालका सर्वप्रथम २००७ सालको क्रान्तिको माध्यमद्वारा वीपी कोइरालाले नै गराउनुभएको कुरामा बहसको जरुरी नहोला, तर त्यही सिद्धान्तका प्रतिपादकहरुको राजनीतिक संगठन नेपाली कांग्रेस पार्टी आफ्नै नेतृत्वको सरकारले गराएको आम निर्वाचनमा चुनाव मार्फत जनताबाटै पराजीत हुनु र भर्खरै मात्र संसदीय व्यवस्थालाई स्वीकार गरेकाहरु चुनावको माध्यमबाटै शान्तिपूर्णरुपमा सत्तामा पुग्नु भनेको चाहिँ शान्ति र स्थिरता चाहने जनताका लागि खुशी र बिस्मतको समिश्रण हुन सक्छ। किन पनि भने आफ्नो मौलिक कम्युनिष्ट सिद्धान्त र विशव सर्वहारावादी क्रान्तिलाई धोखा दिएको आरोप लागेकाहरु लोकतान्त्रिक व्यवस्थाका शासक हुन पुग्नु अनि लोकतान्त्रिक संसदीय समाजवादी राज्य व्यवस्थालाई आफ्नो स्थापनकालदेखि अविछिन्न पालना गर्दै आएको शक्ति जनताबाटै चुनावका मध्यमबाट पराजीत हुनुको कारण सतहमा भन्दा गहिराइमा पुगेर अध्ययन, अनुसन्धान र बिश्लेषण गर्नुपर्ने समाजवादीहरुका लागि आजको अपरिहार्य आवश्यकाता हो ।

हुन त पूर्वी युरोप र सोभियत संघमा कम्युनिष्टसत्ता ढलेसँगै विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा पुगेको हो। त्यही समयमा नेपालमा संसदीय शासन प्रणलीमा सहमति जनाएर नेपाली कांग्रेसको नेतृत्वमा २०४६ सालमा तत्कालीन नेकपा मालेसहितका बामपन्थी कम्युनिष्टहरु संयुक्त जनआन्दोलनमा सहभागी भएको बिषय माथि नै चर्चा गरिसकिएको छ। आन्दोलनको सफलतासँगै तत्कालीन कमयुनिष्टहरुको मूल घटक मालेमा संसदीय प्रजातान्त्रिक व्यवस्थामा कमयुनिष्ट पार्टीलाई बिलय गराउने कि नौलो जनवादी क्रान्ति अघि बढाउने भन्नेमा सीपी मैनाली र मदन भण्डारीका बीचमा चर्को बहस नै भयो। तर, २०४९ सालमा भएको पाँचौं महाधिवेशनबाट मदन भण्डारीले अघि सार्नुभएको जनताको बहुदलीय जनवाद अनुमोदन भएपछि, २०५४ सालमा भएको महाकाली सन्धीमा एमालेले राष्ट्रघात गरेको भन्दै सीपी मैनाली, आर के मैनाली, बामदेव गौतम, योगेश भट्टराई, घनश्याम भूषालहरुले एमाले पार्टी बिभाजन गरी नेकपा माले पुनर्गठन गर्नुभयो। अहिले सीपी बाहेक अरुहरु तत्कालीन एमाले हुँदै हालको नेकपामा समाहित हुनुभएको छ। वीपी कोइरालाले २००७ सालमा भन्नुभएको प्रजातन्त्रिक समाजवादलाई मदन भण्डारीले चार दशकपछि जनताको बहुदलीय जनवादका नाममा स्वीकार गर्नुभयो भने सम्पूर्ण राज्यसत्ता कब्जाको उद्देश्य राखेर सशस्त्र बिद्रोहमा लाग्नु भएका तत्कालीन माओवादी नेता पुष्पकमल दाहाल प्रचण्ड र बाबुराम भट्टराईहरुले मदन भण्डारीले संसदीय प्रजातान्त्रिक व्यवस्था स्वीकार गरेको डेढ दशकपछि स्वीकार गर्नुभयो। आखिर यो बीचको गोल चककरले गर्दा देशले ठूलो धनजनको क्षति व्यहोर्नुपर्‍यो। राजा महेन्द्रले संसदीय प्रजातान्त्रिक बहुदलीय समाजवादी राज्य व्यवस्थालाई बेदखल नगरेको भए र नेपालका बामपन्थीहरुले बेलैमा संसदीय व्यवस्थालाई स्वीकार गरिदिएको भए आज नेपलले यो पछौटेपन र गरिबीको सिकार हुनुपर्ने थिएन भनेर भन्न सक्ने अनेक आधारहरु छन्।

*देशमा प्रजातन्त्र आएपछि मोटाघाटा, सुकिला, मुकिला, चिल्ला गाडी चढनेहरुको पार्टीभित्र हावी हुनेछ।*
*त्यसका विरुद्ध आम कार्यकर्ताले फेरि एकचोटी संघर्ष गर्नुपर्ने हुन्छ।* - वीपी कोइराला

वीपीको यो भनाई आज नेपाली कांग्रेसमा मात्र होइन, प्रायजसो संसदीय राजनीतिमा सहभागी राजनीतिक दलहरुमा देखापरेको प्रवृत्तिगत समस्या हो। समाजवाद स्थापननाका लागि नेपालको निर्वाचन प्रणाली बाधक बन्ने त होइन भन्ने चुनौति देखिन थालेको छ। पार्टीको संसदीय फाँटमा बिचार, सिद्धान्त, आदर्श, निष्ठा, चिन्तन, पार्टीको मार्गदर्शक सिद्धान्त लिएका, प्रजातान्त्रिक समाजवादको मर्म, भावनाको अनुशरण गर्ने र जनतालाई समाजवाद बुझाउन सक्नेभन्दा अमुक नेतालाई रिझाउन सक्नेले संसदीय फाँटको टिकट र जिम्मेवारी पाउन थालेका छन्। दुःख, कष्ट झेलेका, जेल, नेल हिरासत र निर्वासन भोगेका, आर्थिकरुपमा कमजोर नेता कार्यकर्तालाई संसदीय फाँटको जिम्मेवारीबाट ओझेलमा पार्न थालिएको छ। संसदीय फाँटमा टिकट लिन चुनावमा पैसाको खोलो बगाउन सक्नेहरुलाई रोज्न र खोज्न थालेका छन् दलहरु। यसले गर्दा व्यापारी, व्यवसायी, दलाल, तस्कर, माफियाहरुको हातमा स्थानीय, प्रदेश र संघीय सत्ताको चावी जाँदैछ। यस्तो आवस्था आउने देखेर नै भविष्यद्रष्टा राजनेता जननायक वीपी कोइराललाले माथिको उद्गार भन्नुभएको थियो। वास्तवमा अहिले जे भइरहेको छ, त्यो त वीपीले सात दशकअघि नै भन्नुभएको थियो। राजनीति कालोधन कमाएर त्यसलाई सेतो बनाउने माध्यम बनेको छ। व्यापारीहरुलाई राजनीति बिनाको व्यापार मात्र खल्लो लाग्न थालेको छ। राजनीतिको आडमा प्रशासनिक निकायलाई प्रभावमा पारेर अकुत सम्पत्ति कुम्ल्याउने प्रवृत्तिले संसदीय व्यवस्थाप्रति नै जनतामा बितृष्णा फैलाउन सक्छ र यस्तो पाराले प्रजातान्त्रिक समाजवादको यात्रामा अघि बढन सकिँदैन मात्र होइन, समाजवादी चिन्तन र दृष्टिकोण नै धरापमा पर्नसक्छ। गरीबहरुकाप्रतिको जिम्मेवारी धनी, पुँजीपतिलाई सत्ताको चावी जिम्मा लगाएर कदापी पूरा हुन सक्दैन। यस्तो गलत प्रवृत्ति बढ्दै गयो भने देशमा फेरि हिंसाको राजनीति मौलाउने खतरा रहन्छ।

प्रजातान्त्रिक समाजवादलाई वीपी कोइरालाले स्थापना गरेको नेपाली कांग्रेस पार्टी र सबै लोकतन्त्रवादीहरुको जीवनशैली बनाउने हो भने सबभन्दा पहिला भड्किलो र महँगो निर्वाचन प्रणालीलाई अविलम्ब परिवर्तन गर्नुपर्दछ। यसका लागि पार्टीको संसदीय बोर्डले भूगोल, जनसंख्या, पहिचान र सन्तुलित समावेशी सहभागिताका आधारमा उम्मेद्वारहरुको बन्द सूची निर्वाचन आयोगमा बुझाउने र सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानेर चुनाव गरी थ्रेसहोल्डसहित पार्टीहरुले पाएको मतको आधारमा समानुपातिक प्रतिनिधित्व गराएको खण्डमा खर्चिलो र भड्किलो निर्वाचन प्रणलीमा सुधार आई कमजोर आर्थिक हैसियतका इमान्दार नेता कार्यकर्ताले राज्यको नीति, निर्माण तहमा प्रतिनिधित्व गर्न अवसर पाउनेछन्। यसरी प्रतिनिधित्व गर्ने जनप्रतिनिधिलाई नीति, निर्माण गर्ने संसदमा सक्रिय गराई बहुमत प्राप्त राजनीतिक दलको संसदीय दलको नेतालाई सरकार सञ्चालनका लागि संसदको बहुमतबाट प्रधानमन्त्री चुन्ने र मन्त्रीहरु संसद बनेक बाहेक बाहिरबाट प्रधनामन्त्रीले बिशेषज्ञ र विज्ञहरुलाई चयन गर्ने संवैधानिक व्यस्था गरियो भने सांसद बनेर मन्त्री बन्ने अनि भ्रष्टाचार गरेर अकुत सम्पत्ति कमाउनेहरुको राजनीतिमा आउने चाहना कम हुँदै जानेछ। यस्तो भयो भने वीपीले भनेको, प्रतिपादन गरेको प्रजातान्त्रिक समाजवादको यात्रालाई अघि बढाउन सजिलो हुन्छ। अन्यथा, देशमा प्रजातन्त्र आएपछि मोटाघाटा, सुकिला मुकिला, चिल्ला गाडी चढ्नेहरुको पार्टीभित्र हावी हुनेछ। त्यसकाविरुद्ध आम कार्यकर्ताले फेरि एकचोटी संघर्ष गर्नुपर्ने हुन्छ। र, हाम्रो प्रजातान्त्रिक समाजवादको यात्रा अधुरो अपुरो नै रही रहनेछ।

*(हुमागाँई नेपाल पत्रकार महासंघ झापाका पूर्व सभापति तथा जय लोकतन्त्र साप्ताहिकका प्रधान सम्पादक हुनुहुन्छ।)*


**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



**उपचार हुने समस्याहरु :**

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झमझमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्यास्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर**

**गोरखा डिपार्टमेन्ट स्टोर**

हाम्रा विशेषताहरू :

- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम - छैठौं तलामा : गोरखा किचेन

**गोरखा डिपार्टमेन्ट स्टोर**
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** खर्च लागे पनि यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ। अवसरका लागि केही दौडधुप गर्नुपर्ने अवस्था आउन सक्छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** तत्काल लाभ उठाउँदा पछि हुने फाइदा घट्न सक्छ। तापनि पहिलेका कमजोरी सच्याउने अवसर प्राप्त हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** परिश्रम परे पनि कम प्रतिफलमा चित्त बुझाउनुपर्ने परिस्थिति रहला। खोजी गर्दा आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोशिस गर्लान्। आम्दानी भए पनि फजुल खर्च बढ्नाले अर्थ संग्रहमा बाधा पुग्नेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** चिताएको मूल्य प्राप्त नभए पनि प्रयत्न गर्दा ऋणमोचन हुनेछ। पुराना समस्या सुल्झाउँदै अघि बढ्ने समय छ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** श्रमबाट अरूले फाइदा उठाउने चेष्टा गर्लान्। अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** कामको सन्दर्भमा शक्तिशाली व्यक्तिहरूसँग सहकार्य हुन सक्छ। तापनि मिहिनेत गर्दा पछिका लागि विशेष काममा जग बसाउने अवसर जुट्नेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** केही विशिष्ट व्यक्तिहरू नजिकिए पनि साइनो गाँस्नेहरूले भने दुःख दिन सक्छन् सजग रहनुहोला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** समुदायको हितमा राम्रै काम गर्न सकिनेछ। सामाजिक उत्तरदायित्व वहन गर्दै फाइदा हुने काम र जिम्मेवारी हात पार्ने मौका छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** प्रयत्न गर्दा आफ्नो वर्ग वा क्षेत्रको नेतृत्व हातलागी हुनेछ। सहयोगीहरूले साथ दिनेछन्। आँटेका काम पनि सजिलै सम्पादन हुनेछन्।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** समाजमा तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।